जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक ३०८ • २०८२ साल चैत २४ गते मंगलबार (7 April, Tuesday, 2026) •पृष्ठ ८ •मूल्य रु. ५।–

## ओली र लेखकको बन्दी प्रत्यक्षीकरण: तेस्रोपटक म्याद नथप्न परमादेश

**टुडे समाचारदाता**

काठमाण्डु। पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र पूर्वगृहमन्त्री रमेश लेखकको बन्दी प्रत्यक्षीकरण रिट खारेज गरे पनि उनीहरूलाई राहत मिल्ने गरी सर्वोच्च अदालतले फैसला गरेको छ। सर्वोच्च अदालतले दुवै जनाको अब म्याद नथप्ने परमादेश जारी गरेको छ।

सर्वोच्च अदालतले ओली-लेखकको पक्राउ गैरकानूनी ठहर भने गरेन। फौजदारी कसूरको अनुसन्धान तहकिकातको सिलसिलामा अदालतबाट म्याद थप भइ न्यायिक हिरासतमा राखिएको कार्यलाई कानुन प्रतिकूल भन्न नमिल्ने फैसला आदेशमा उल्लेख गरिएको छ।

तथापि इजलाससमक्ष प्राप्त अनुसन्धान सम्बन्धी फाइल/मिसिल हेर्दा निवेदकहरूको बयानलगायत अनुसन्धानका अन्य कार्यसमेत सम्पन्न भइसकेको अदालतले जनाएको छ।

सो छानबिन प्रतिवेदनले कारबाहीका लागि सिफारिस गरिएकामध्ये तत्कालीन काठमाण्डुका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालसमेत अनुसन्धानका लागि पक्राउ परेकोमा जिम्मा जमानीमा छोडिएको भनि उल्लेख गरिएको छ।

ओली र लेखकको हकमा दुवै जना आफ्ना पिता र माताको निधनपश्चात् अशौचमा रहेको तथा ओली जटिल बिरामीका कारण त्रिवि अस्पतालमा भर्ना भइ उपचाररत रहेको समेतका समग्र आधार प्रमाणहरूलाई विचार गर्दा प्रस्तुत मुद्दाको अनुसन्धान प्रक्रिया छिटो टुंगो लगाउनु वाञ्छनीय देखिने अदालतको भनाइ छ।

चैत २१ गतेदेखि लागू हुने गरी तेस्रो पटक ५ दिनको म्याद थप गर्ने काठमाण्डु जिल्ला अदालतको आदेश अनुसारको समयावधिमा अनुसन्धान सम्पन्न भइ मुद्दा चल्ने वा नचल्ने निर्णय भएमा सोही अनुसार गर्न भनिएको छ।

त्यसो हुन नसकेमा तेस्रो पटक म्याद थपको अवधि उप्रान्त दुवै रिट निवेदकलाई हिरासतमुक्त गरी थप अनुसन्धान तहकिकातको कार्य सम्पन्न गर्न सर्वोच्च अदालतले परमादेश दिएको छ।

ओली र लेखकको गत चैत २२ गते तेस्रो पटकका लागि ५ दिन म्याद थप गरिएको थियो। जुन चैत २१ गतेदेखि गणना हुने छ। सो म्याद चैत २६ गतेसम्म कायम रहने छ। त्यस उप्रान्त म्याद नथप्न सर्वोच्च अदालतले परमादेश दिएको छ।

### बर्डफ्लु संक्रमणको खतरा !

# मधेशमा उच्च सतर्कता, १ लाख १३ हजार पन्छी नष्ट

**टुडे समाचारदाता**

जनकपुरधाम। तेश्रो पटकमा मोरङको विभिन्न ठाउँबाट फैलिएको बर्डफ्लु(एच-फाइभ एन-वान) विभिन्न स्थानमा देखा पर्न थालेपछि जनकपुरधाममा कुखुरा मासुको बिक्री वितरणमा गिरावट आएको छ।

मोरङको सुन्दरहरैचा-४ र उर्लाबारी-८ बाट फैलिएको बर्डफ्लु(एच-फाइभ एन-वान) विभिन्न ४ वटा जिल्लाका २३ वटा फार्ममा फैलिएको जनाइएको छ।

मधेश प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सूचना अधिकारी अजय ज्ञवालीले मधेश प्रदेशमा तत्कालै बर्डफ्लु नदेखिए पनि मधेश प्रदेशमा रहेको फार्ममा सेनिटाइजरको प्रयोगलगायतका स्वास्थ्य अवस्थाप्रति सजगता अपनाउन आग्रह गरेका छन्।

मधेश प्रदेशमा तत्कालै बर्डफ्लु नदेखिए पनि कोशी प्रदेश र बागमति प्रदेशबाट नै सबैभन्दा बढी आयात हुने गरेकाले यसप्रतिको सजगता र सतर्कता आवश्यक रहेको मन्त्रालयका सूचना अधिकारी ज्ञवालीले बताए। उनले अहिले मधेशमा उच्च सतर्कताको आवश्यकता रहेकाले प्रदेशको ८ वटै जिल्लामा सजग रहनुपर्ने बताए।

उनले विगतदेखि नै सतर्कतापूर्वक सीमानाका क्षेत्र, अन्य प्रदेशबाट हुने गरेको आयातप्रति सम्बन्धित कार्यालय गम्भीर रहँदै चेकजाँच कार्य हुने गरेकाले अहिले नै बर्डफ्लुको संक्रमण नदेखिए पनि यसको रोकथाम नियन्त्रणका लागि आवश्यक कदमहरु अघि बढाउँदै गएको स्पष्ट पारे।



पशु सेवा विभागले जनाए अनुसार सुनसरीमा सबैभन्दा बढी १२ वटा कुखुरा फार्म प्रभावित भएका छन्। त्यस्तै मोरङमा ८, झापामा २ र चितवनको एउटा कुखुरा फार्ममा बर्डफ्लु भेटिएको जनाइएको छ।

उपलब्ध तथ्यांक अनुसार सबै फार्ममा गरी १ लाख १३ हजार ६ सय ८ कुखुरा तथा हाँस नष्ट गरिएको छ। त्यस्तै २ लाख ११ हजार ८ सय ६७ वटा अण्डा र २५ हजार ८ सय किलो दाना पनि नष्ट गरिएको छ। नष्ट गरिएका पन्छीमध्ये ८५ प्रतिशत लेयर प्रजातिका कुखुरा रहेको जनाइएको छ।

विभागकी सूचना अधिकारी वरिष्ठ पशु विकास अधिकृत डा. इन्दिरा शर्माले अन्य जिल्लामा संक्रमण फैलिन नदिन आवश्यक सबै कदम चालिएको जानकारी दिइन्। तीनै तहको सरकारका सरोकारवाला निकायसँगको समन्वयमा रोकथाम र नियन्त्रणका कदम चालिरहेको उनले बताइन्।

बर्डफ्लु संक्रमणको मुख्य कारकका रूपमा विभागले विभिन्न पहिचानसमेत गरेको जनाएको छ। विभागले दिएको जानकारी अनुसार फार्मनजिकै रहेका अग्ला रुखहरू जंगली चारहरूको बासका लागि उपयुक्त छन्। जहाँका चराहरू फार्ममा पालिएका कुखुरा, हाँसलगायतका पन्छीहरूको सम्पर्कमा आउने भएका कारण पनि संक्रमण फैलिएको हुन सक्ने विभागले आँकलन गरेको छ।

त्यसैगरी फार्महरू सिमसार क्षेत्रको नजिक रहेको, मानक जैविक सुरक्षामा ध्यान नदिंँदा, सवारी साधन र आगन्तुकहरूको अनियन्त्रित आवतजावत र अण्डा राख्ने क्रेटहरूलाई उचित रूपमा निसंक्रमण नगरी पुनः प्रयोग गर्नु र एउटै व्यक्तिले पर्याप्त सुरक्षात्मक उपायबिना जीवित कुखुरा र कुखुराको मासुको व्यापार गर्नु पनि संक्रमण फैलिने कारण हुन सक्ने विभागले जनाएको छ।

सूचना अधिकारी डा. इन्दिरा शर्माले किसानले 'बर्डफ्लु नियन्त्रणका क्रममा नष्ट गरिएका वस्तुहरूको राहतसम्बन्धी मापदण्ड' २०७९ अनुसार राहत पाउने व्यवस्था रहेको बताइन्।

क्षतिपूर्ति बजार मूल्य अनुसार निर्धारण हुने स्पष्ट व्यवस्था छ। प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहने दररेट निर्धारण समितिको सिफारिसका आधारमा क्षतिको ७५ प्रतिशतसम्म किसानले राहत पाउने व्यवस्था छ।

बर्डफ्लु कुखुरा, हाँसलगायतका पन्छीमा लाग्ने संक्रामक भाइरल घातक रोग मानिन्छ। संक्रमित पन्छीसंग प्रत्यक्ष सम्पर्क, फोहोर वा संक्रमित सामग्रीमार्फत यो रोग फैलिन सक्ने र दुर्लभ अवस्थामा मानिसमा पनि संक्रमण हुन सक्ने पशु चिकित्सकहरूको भनाइ छ।

नेपालमा पहिलोपटक सन् २००९ मा झापामा बर्डफ्लु 'डिटेक्ट' भएको थियो। त्यसपछि दोस्रो पटक सन् २०१९ मा बर्डफ्लु संक्रमणबाट एक जना मानिसको मृत्यु भएको थियो।

काभ्रेका २१ वर्षीय युवकको उपचारको क्रममा मृत्यु भएको थियो। ती युवामा ज्वरो र खोकीको लक्षण रहेको थियो।

## सरकारी विज्ञापन निजी मिडियालाई नदिने निर्णयविरुद्ध आज सुनुवाइ

**टुडे समाचारदाता**

जनकपुरधाम। सरकारी विज्ञापन नीजि मिडियालाई नदिने सरकारको निर्णयविरुद्ध सर्वोच्च अदालतमा रिट निवेदन उपर मंगलबार सुनुवाइ हुने भएको छ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट अधिवक्ता अनन्तराज लुइँटेलले सर्वोच्च अदालतमा सो रिट निवेदन पेश गरेका छन्। सोसाइटी राष्ट्रिय दैनिक लगायतका प्रमुख संचार माध्यमका प्रकाशकहरुको संस्था रहेको छ। दर्ता भइ सो मुद्दाको प्रारम्भिक सुनुवाइ मंगलबार हुने भएको छ।



सरकारी विज्ञापन नीजि मिडियामा नदिने निर्णयले संविधानप्रदत्त अभिव्यक्तिको स्वतन्त्रतालाई कमजोर बनाउने उद्देश्य राखेको आरोप लगाउँदै मिडिया सोसाइटीले सो निर्णयलाई सर्वोच्च अदालतमा चुनौति दिएको अधिवक्ता लुइँटेलले जानकारी दिए।

चैत १८ गतेको सचिवस्तरीय निर्णय गरी प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले सरकारी विज्ञापन तथा सूचनाहरु संचारमाध्यममार्फत प्रकाशन तथा प्रशारण गर्दा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह तथा सो अन्तर्गतका निकायहरु तथा सार्वजनिक कोष प्रयोग गरी कार्य गर्ने सबै सार्वजनिक निकायहरुले आफ्ना सूचनाहरु गोरखापत्र संस्थान, रेडियो नेपाल, नेपाल टेलिभिजन तथा सरकारी स्वामित्वमा रहेका संचार माध्यममा मात्र प्रकाशन तथा प्रशारण गर्ने निर्णय गरी सबै निकायमा परिपत्र समेत गरेको थियो।

विज्ञापनको निर्णय गैरकानुनी तथा संविधान विपरितको भइ सम्पूर्ण चौथो अंगलाई नै तवाही मचाउने कार्य भइ आएको भन्दै मिडिया सोसाइटीले सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्ने निर्णय गरी अधिवक्ता लुईंटेललाई मुद्दा गर्न अख्तियारीसमेत दिएको छ।

रिटमा चौथो अंगको विरोध सार्वजनिक भइसकेको र चौथो अंग आतंकित भइसकेको समेत उल्लेख गरिएको छ। सरकारको सो निर्णय विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्थापन गर्न बनेको ऐन र अभिव्यक्ति स्वतन्त्रताको संवैधानिक हक निस्तेज बनाउने कार्य भएको रिटमा जिकिर गरिएको छ।

रिटमा सरकारको निर्णय तथा परिपत्र नेपालको संविधानको धारा १३३, (२) र (३) बमोजिम उत्प्रेषणको आदेशद्वारा बदर गरी अभिव्यक्ति स्वतन्त्रतालाई खुम्चयाउने, कुनै पनि तवरले कमजोर बनाउने कार्य नगनू नगराउनू भनी प्रतिषेध मिश्रित परमादेश माग गरेको छ।

सो मुद्दाको टुंगो लाग्न समय लाग्ने भएकोले त्यतिञ्जेल सो निर्णय नरोकिए जनताको अभिव्यक्ति स्वतन्त्रतामा प्रतिकूल असर परी मुलुकको चौथो अंग नै धारासायी भइ अभिव्यक्ति स्वतन्त्रता तथा सूचनाको हकमा समेत गम्भीर असर पर्ने भएकोले अन्तरिम आदेश समेत रिटमा माग गरिएको छ।

## प्रतिकूल मौसम र किराको प्रकोपले गहुँ उत्पादनमा कमी

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेश प्रदेशकामा मौसम र किराको प्रकोपका कारण गहुँ उत्पादनमा कमी हुने भएको छ।

मधेश प्रदेशमा धानपछिको दोस्रो मुख्य बालीका रूपमा गहुँ नै रहेको छ। धनुषामा मात्रै ३४ हजार हेक्टर क्षेत्रफलमा गहुँ खेती हुने गरेको छ। तर गहुँ पसाउने र पाक्ने बेला (चैतको शुरु) मा आएको हावाहुरी र असिनापानीका कारण यसपटक बालीमा राम्रो दाना लागेको छैन।



चर्को मूल्य तिरेर ट्रैक्टरले जोतेको खेत, बोरिङबाट गरिएको सिँचाइ, मलखाद र कडा परिश्रम गरे पनि लागतसमेत नउठ्ने अवस्था आएपछि कृषकहरू चिन्तित छन्। धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाका कृषक रामउद्गार महतोले भने, 'समयमै बोरिङबाट पानी लगाउँदा र मलखाद दिँदा पनि गहुँबाली राम्रो भएन। किराको प्रकोप र मौसम अनुकूल नहुँदा गहुँको दाना पुष्ट भएन। यसपालि लगानी सबै डुब्यो।'

त्यस्तै नगराईनका किसान दशरथ मण्डलले पनि आफ्नो चिन्ता पोख्दै भने, 'यसपालि हावाहुरीले गर्दा बाली सुक्यो, दाना कालो र अपुष्ट भएको छ।'

कृषि ज्ञान केन्द्रको तथ्यांक अनुसार कुनै वर्ष प्रतिहेक्टर २.९० मेट्रिक टनका दरले ३५ हजार ५०० हेक्टरमा ९७ हजार १५० मेट्रिक टन गहुँ उत्पादन भएको थियो भने, कुनै वर्ष उत्पादकत्व बढेर प्रतिहेक्टर ३.१० मेट्रिक टनका दरले १ लाख ३ हजार ८५० मेट्रिक टनसम्म उत्पादन हुने गरेको छ। तर यसपटक प्रतिकूल मौसम, किराको प्रकोप, समयमै गुणस्तरीय बीउ, सिचाइँ र मलखादको अभावले उत्पादन ह्वात्तै घट्ने सम्भावना रहेको जनाइएको छ।

कृषि ज्ञान केन्द्र धनुषाका कृषि अधिकृत गणेश क्षेत्री भने क्षतिबारे यकिन तथ्यांक उपलब्ध नभएको जानकारी दिए।

मधेश प्रदेशको कृषि विकास निर्देशनालयको पछिल्लो तथ्यांकअनुसार प्रदेशभरि १ लाख ७८ हजार ४३३ हेक्टर क्षेत्रफलमा प्रतिहेक्टर ३.३७ मेट्रिक टनका दरले ७ लाख ३१ हजार मेट्रिक टन गहुँ उत्पादन भएको थियो।



# फर्किएनन् तीन सन्तान, मृत्यु दर्ताको प्रमाणपत्र माग्दै परिवार



काठमाण्डु । यहाँको सूर्यविनायक नगरपालिका-४ हर्षचोकस्थित ओम सृजनशील समाज बस्तीका ६६ वर्षीय कृष्णबहादुर श्रेष्ठ सेतो कपडामा कोरा बारेर आफ्ना तीन छोराछोरीको किरियामा बस्नुभएको सोमबार आठौँ दिन बितेको छ ।

कृष्णबहादुर र उहाँकी श्रीमती सरिता श्रेष्ठ अझै शोकबाट तङ्ग्रिनुभएको छैन । गत असोज १८ गते लाङटाङ घुम्न जाँदा बेपत्ता भएका छोरीहरु २६ वर्षीया सनिता, २४ वर्षीया संस्कृति र २० वर्षीय छोरा 'किसन' भन्ने चितलालको ६ महिनापछि यही चैत १६ गते कुशको शव बनाएर अन्त्येष्टी गरेसँगै बुवा कृष्णबहादुर किरियामा बस्नुभएको हो ।

रोट्र्याक क्लबको नेतृत्वमा गत असोज १६ गते दसैंको टीका लगाएर १७ गते बिहान पाँचदिने यात्रामा घुम्न हिँडेका छोराछोरी नफर्किएपछिको पीडा भनिसाध्य छैन । १६ जनाको टोली लाङटाङ निस्किएका उनीहरु १८ गते दिउँसो करिब ५ बजे बेरिङ खोल्सा तर्ने क्रममा आएको पहिरोसँगैको लेदो पानीले बगाएर गहिरो खोँचमा बेपत्ता भएका थिए ।

घटनास्थल आसपासमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरीसहितको सुरक्षा टोलीले कैयौँ दिन लगाएर खोज्दा पनि शव नभेटिएपछि रसुवाका प्रमुख जिल्ला अधिकारीले घटना विवरणसहित पठाएको पत्रका आधारमा उनीहरु जीवित नरहेको ठहर गर्दै परिवारले कुशको शव बनाएर दाहसंस्कार गरेका हुन् ।

उनीहरुसँगै बेपत्ता भएका भक्तपुर नगरपालिका-१० घर भइ काठमाडौँ बस्ने २३ वर्षीय रवि श्रेष्ठसमेत अहिलेसम्म भेटिएका छैनन् । प्रत्यक्षदर्शीका अनुसार यात्राका क्रममा खोल्सा तर्ने क्रममा अचानक माथिबाट आएको पहिरोसँगैको लेदोमा पहिलोपटक सनिता बगिन् र उनलाई बचाउन गएकी बहिनी संस्कृति पनि बगिन्, फेरि उनलाई बचाउन जाँदा भाइ कृष्ण समेतलाई बगायो । उनीहरुलाई बचाउन भनेर गएका साथी रविलाई समेत बगाएपछि चारै जना बेपत्ता भएका थिए ।

किरियामा बस्नुभएका बुवा कृष्णबहादुर भन्नुहुन्छ, "एकै पटक तीन सन्तान गुमाउनुको पीडा त छँदैछ तर, राज्यले दिने मृत्यु दर्ताको प्रमाणपत्रसमेत परिवारले नपाउँदा भने पीडामाथि पीडा थपिएको छ, सरकार हामीलाई तीन सन्तानको मृत्यु प्रमाणपत्र दिलाइ देऊ ।"

उनीहरुको मृत्यु प्रमाणपत्र नपाउँदा बिमादेखि बैङ्क खातामा रहेको रकम बाबुआमाको खातामा सार्न पाएका छैनन् । उहाँ भन्नहुन्छ, "मृत्यु प्रमाणपत्र लिन वडा, नगरपालिका, भक्तपुर जिल्ला अदालतदेखि गृहमन्त्रालयसम्म धायौँ, तर अझै पाएनौँ, सन्तानको सद्गत गरिसक्यौँ, बेपत्ता भएको र बेपत्ता जीवित नहुने अवस्था सबैलाई थाहा छ, यो लुकेको घटना त होइन नि, त्यसैले कानुनको कुन धारा प्रयोग गरेर हुन्छ सरकार तीन सन्तानको मृत्यु प्रमाणपत्र दिलाई देऊ ।"

वडा कार्यालयले बेपत्ता भएको १२ वर्ष नभई मृत्यु प्रमाणपत्र दिन र सिफारिस गर्न नमिल्ने भनेर पन्छाइ दिएको, नगरपालिकाले पनि त्यही जवाफ दिएको बताउँदै काका केशव श्रेष्ठले जिल्ला अदालतमा समेत रसुवाको सबै पत्र र विवरण बुझाउँदा पनि मृत्यु दर्ताको प्रमाण पत्र नपाएको बताउनुहुन्छ ।रास

# शेयर बजारप्रति सरकार उदार, 'धरपकड होइन सुधार' : अर्थमन्त्री वाग्ले



काठमाण्डु । अर्थमन्त्री डा स्वर्णिम वाग्लेले शेयर बजारमा अनावश्यक त्रास फैलाइएको भन्दै सरकार साना लगानीकर्तालाई लक्षित गरेर कुनै धरपकड अभियानमा नरहेको स्पष्ट पार्नुभएको छ ।

नेपाल आर्थिक पत्रकार समाज (सेजन)सँग सोमबार भएको छलफलमा अर्थमन्त्री वाग्लेले शेयर बजारप्रति सरकारको नीति स्पष्ट पार्दै साना लगानीकर्तालाई आतङ्कित पार्ने गतिविधि अनुचित भएको उल्लेख गर्नुभयो । "सरकारले साना लगानीकर्तामाथि कारबाही गर्ने कुनै उद्देश्य राखेको छैन", उहाँले भन्नुभयो ।

उहाँका अनुसार नेपालमा शेयर बजार अन्य धेरै क्षेत्रभन्दा व्यवस्थित र पारदर्शी रहेको छ । पेपरलेस प्रणाली, बैंकमार्फत कारोबार, लाभांश सिधै खातामा जम्मा हुने व्यवस्था, स्पष्ट कर प्रणाली तथा खरिद-बिक्रीको ट्र्याकिङ सम्भव भएकाले यो क्षेत्र विश्वसनीय रहेको उहाँको भनाइ थियो । "स्टक मार्केटलाई हामीले डिजिटलाइजेसनको नमूना क्षेत्रका रूपमा लिएका छौँ", उहाँले भन्नुभयो, "अन्य क्षेत्रमा पनि यही मोडेल विस्तार गर्ने लक्ष्य छ ।"

अर्थमन्त्री वाग्लेले शेयर बजारमा लगानीकर्तालाई 'सम्पत्ति कहाँबाट ल्यायौँ' भनेर सोध्ने अवस्था नरहेको स्पष्ट पार्दै सरकारले धरपकडको नीति नलिएको दोहोऱ्याउनुभयो । तर, इन्साइडर ट्रेडिङ, बजार हेरफेर (म्यानिपुलेसन) वा अन्य अनैतिक गतिविधिमा संलग्नलाई भने विद्यमान कानुनअनुसार कारबाही हुने उहाँले बताउनुभयो ।

उहाँले लगानीकर्तालाई नआत्तिन आग्रह गर्दै आगामी दिनमा शेयर बजार सुधारका लागि काम अघि बढाइने जानकारी दिनुभयो । नेप्से पुनःसंरचना प्रतिवेदन अध्ययन गरी आवश्यक सुधार लागू गरिने र नीतिगत रूपमा लगानीकर्तामैत्री दृष्टिकोण अवलम्बन गरिने उहाँको भनाइ थियो ।

"अहिले बजार घटेको अवस्थामा अतालिनु आवश्यक छैन, सुनौला दिन आउँदैछन्", उहाँले भन्नुभयो, "सरकार पाँच वर्षको कार्यकालका लागि आएको हो, एक साताको उतारचढावलाई लिएर निष्कर्ष निकाल्नु उपयुक्त हुँदैन ।" छलफलमा अर्थमन्त्री वाग्लेले राष्ट्रिय स्वतन्त्र पार्टीको घोषणापत्रका बुँदा ३३ र ३४ कार्यान्वयनमार्फत शेयर बजारप्रति सरकारको उदार नीति पुष्टि हुने पनि उल्लेख गर्नुभयो ।

उहाँले नेपाललाई वित्तीय कारबाही कार्यदल एफएफिएफको 'ग्रे लिस्ट'बाट बाहिर निकाल्नु सरकारको पहिलो प्राथमिकता रहेको बताउनुभयो । 'ग्रे लिस्ट'का कारण अन्तरराष्ट्रियस्तरमा देशको छवि प्रभावित हुनुका साथै लगानी वातावरणमा नकारात्मक असर परेको उहाँको भनाइ थियो ।

"हामी कागजमै सीमित रहने होइन, कार्यान्वयनको चरणमा प्रवेश गरिसकेका छौँ", उहाँले भन्नुभयो । सम्पत्ति शुद्धीकरण तथा वित्तीय अपराधका विषयमा भइरहेको अनुसन्धान दीर्घकालीन प्रमाणका आधारमा अघि बढेको उल्लेख गर्दै उहाँले ह्वाइट-कलर क्राइममा आर्थिक जरिवानालाई प्राथमिकता दिने नीति रहेको स्पष्ट पार्नुभयो ।

"कुनै व्यक्ति वा संस्थालाई छानेर दुःख दिने हाम्रो नियत होइन", उहाँले भन्नुभयो, "हामी खुला बजार अर्थनीतिमा विश्वास गर्छौं, तर त्यो छाडा अर्थतन्त्र होइन ।" न्याय निरूपण अदालतमार्फत हुने उल्लेख गर्दै उहाँले कानुनअनुसार कसैलाई पनि कारबाहीबाट उन्मुक्ति नदिइने तर निजी क्षेत्रलाई लक्षित गरेर धरपकड नगर्ने स्पष्ट पार्नुभयो ।रासस

## निरक्षरको तथ्यांक संकलन

**टुडे समाचारदाता**

जनकपुरधाम । निरक्षरको तथ्यांक संकलन कार्य धनुषाको मिथिला नगरपालिकाले सुरु गरेको छ । साक्षर नगरपालिका घोषणा गर्ने उद्देश्यले निरक्षरको तथ्यांक संकलन सुरु गरिएको बताइएको छ ।


मिथिला नगरपालिका शिक्षा शाखाका प्रमुख सीता काफ्लेले वडा हुँदै नगरपालिकालाई साक्षर घोषणा कार्यक्रमअन्तर्गत तथ्यांक संकलन अभियान सञ्चालन गरिएको बताएका छन् । उनले मूल्यांकन निर्देशिका, २०७० बमोजिम साक्षरताका १२ सूचकमध्ये ६ सूचकमा केन्द्रित भएर काम अघि बढाइएको जानकारी दिए ।

उनका अनुसार यस कार्यका लागि आवश्यक प्रशिक्षण प्रदान गरेर २५ जना विद्यार्थी परिचालन गरिएको छ । आगामी २०८३ वैशाख १५ गतेसम्म तथ्याङ्क सङ्कलन कार्य सम्पन्न गर्ने गरी समयसीमा निर्धारण गरिएको शिक्षा शाखाका प्रमुख काफ्लेले बताए ।

उनले नगरपालिकाका सबै वडा कार्यालय र विद्यालयलाई अभियानमा समन्वयात्मक भूमिका निर्वाह गरिदिन र विद्यार्थीमार्फत घरघरमा पुगेर तथ्यांक संकलनमा सहयोगका लागि आग्रह गरिएको जानकारी दिएका छन् ।

शिक्षा तथा मानव विकास केन्द्रले तोकेको विभिन्न १२ वटा बुँदामध्ये महत्त्वपूर्ण छ वटा बुँदामा उल्लेख गरिएका विषयवस्तु पढ्न लेख्न सिकाउन सके नागरिकलाई साक्षर बनाउने उनले बताएका छन् ।

# प्रतिनिधिसभा नियमावली मस्यौदा समिति गठन



काठमाण्डु । प्रतिनिधिसभाको नयाँ नियमावली तर्जुमा गर्न १५ सदस्य मस्यौदा समिति गठन गरिएको छ । सभाको सोमबारको बैठकमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद कविन्द्र बुर्लाकोटीले प्रस्तुत गर्नुभएको प्रस्तावबमोजिम सो दलका सांसद गणेश पराजुली सभापति रहने गरी सबै दलका सदस्यहरू सम्मिलत समिति सर्वसम्मतिले पारित भएको हो ।

समितिमा डा ओजश्वी शेरचन, ऐनबहादुर महर, खगेन्द्र सुनार, खुश्बु ओली, गजाला समिम मिकरानी, तपेश्वर यादव, ध्रुवराज राई, निषा डाँगी, निष्कल राई, बलावती शर्मा, मधु चौलागाईं, यज्ञमणि न्यौपाने, रेखाकुमारी यादल, डा सुलभ खरेल रहनुभएको छ ।

समितिले सभामुखको सामान्य निर्देशनमा रही आफ्नो कार्यविधि आफैँ तय गर्नेछ भने समितिलाई कार्यप्रारम्भ भएको मितिले १४ दिन कार्यअवधि दिइएको छ । उक्त प्रस्तावको सीता थपलिया, गणेशसिंह ठगुन्ना, युवराज दुलाल, धुवराज राई, भरत गिरी, पुष्पाकुमारी चौधरीले समर्थन गर्नुभयो । नयाँ नियमावली निर्माण नहुञ्जेल २०७९ को निवयमालीअन्तर्गत सभाको कार्यसञ्चालन भइरहेको छ ।

**कार्यव्यवस्था परामर्श समितिमा मनोनयन**

यसैगरी, बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभाको कार्यव्यवस्था परामर्श समितिको सदस्यहरू मनोनयन गर्नुभएको छ । सो समितिमा डा.अच्युतम् लामिछाने, अफ्साना बानु, आर्यन राई, केपी खनाल, कामिनी चौधरी, क्रान्तिशिखा धिताल, खुश्बु ओली, गणेशसिंह ठगुन्ना, गुरुप्रसाद बराल, गङ्गालक्ष्मी अवाल, तपेश्वर यादव, देवराज पाठक, नरेन्द्रकुमार केरुङ, प्रकाशचन्द्र परियार, निषा डाँगी, बोधनारायण श्रेष्ठ, मीनाकुमारी यादव, युवराज दुलाल, राजन गौतम, डा राम लामा र विपिनकुमार आचार्य हुनुहुन्छ ।

**प्रतिनिधिसभाबाट तीन अध्यादेश स्वीकृत**

प्रतिनिधिसभाबाट तीन अध्यायदेश स्वीकृत भएको छ । सभाको सोमबारको बैठकबाट 'मतदाता नामावली (पहिलो संशोधन) अध्यादेश, २०८२', 'प्रतिनिधिसभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२' र 'नेपाल विशेष सेवा (दोस्रो संशोधन) अध्यादेश, २०८२' सर्वसम्म रूपमा स्वीकृत भएको हो ।

बैठकमा गृहमन्त्री सुधन गुरुङले उक्त अध्यादेश स्वीकृत गरियोस् भनी प्रस्ताव राख्नुभएको थियो । त्यसअघि सभामुख डोलप्रसाद अर्यालले ती विधेयकलाई अस्वीकार गर्ने सूचना प्राप्त नभएको व्यहोरा जानकारी गराउनुभएको थियो ।बैठकले नेपाली कम्युनिष्ट पार्टीका सांसद रामचन्द्र भट्टराईको निधनमा सर्वसम्मत रूपमा शोक प्रस्ताव पारित गरेको थियो । प्रतिनिधिसभाको अर्को बैठक यही चैत २४ गते मङ्गलबार अपराह्न १:०० बजे बस्नेछ ।रासस

# सदनमा सत्तापक्ष र प्रतिपक्षको एकै स्वर



काठमाण्डु । सत्ता पक्ष र प्रतिपक्षका सांसदहरूले वैचारिक विविधतालाई थाँती राखेर राष्ट्रियताको पक्षमा एकताबद्ध आवाज उठाउन एक हुनुपर्नेमा जोड दिनुभएको छ । प्रतिनिधिसभाको सोमबारको बैठकको विशेष समयमा सत्ता र प्रतिपक्षका सांसदहरूले सांसदलाई जनताको आवाज मुखरित गर्ने थलोका रूपमा विकास गरिनुपर्ने बताउनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद कविन्द्र बुर्लाकोटीले सदन, सरकार र समग्र व्यवस्थालाई समन्नुत बनाउन सभामुखले भूमिका खेल्ने विश्वास गर्नुभयो । "सदनमा नयाँ अनुहार मात्रै छैन, मुलुक परिवर्तन गर्ने दृढता भएका सांसदको उपस्थिति छ । नवनिर्वाचित सभामुखको नेतृत्वमा सदनले जनअपेक्षा पूरा गर्न सकोस्", उहाँले भन्नुभयो । रास्वपा सांसद मनिष झाले संसद चिया चौतरी मात्रै नभई गुरुकुल र विश्वविद्यालय हुनुपर्नेमा जोड दिँदै सांसदले जनताको पक्षमा सक्रिय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो । "सदनमा जनताको प्रश्नको अस्तित्व हुँदैन भने सदनमा जनता नै छिर्छन्, जुन गत भदौ २४ गते नै देख्यौँ", उहाँले भन्नुभयो, "नवयुवा पुस्ताको विद्रोह सम्झेर सबैले दायित्व निर्वाह गर्नुहोला ।"

> "लोकतन्त्रमा प्रतिपक्षको आवाज जति सशक्त र प्रभावकारी तथा रचनात्मक हुन सक्छ, त्यति नै लोकतन्त्र जीवन्त हुन्छ"

नेपाली कांग्रेसका सांसद अर्जुननरसिंह केसीले सदनलाई जति प्रभावकारी बनाउन सकियो, त्यतिनै लोकतन्त्र सुदृढ हुने बताउनुभयो । "लोकतन्त्रमा प्रतिपक्षको आवाज जति सशक्त र प्रभावकारी तथा रचनात्मक हुन सक्छ, त्यति नै लोकतन्त्र जीवन्त हुन्छ", उहाँले भन्नुभयो । सांसद केसीले लोकतन्त्र वादप्रतिवाद र संवादको प्रक्रिया भएको जनाउँदै हामीभित्रको वैचारिक विविधताको कटुतालाई दुष्मनीको दृष्टिकोणले लिन नपर्ने बताउनुभयो ।

उहाँले भन्नुभयो, "समग्ररूपमा हामी जे जस्तो विचार र दृष्किोण बोकेपनि सबै दलप्रति प्रतिबद्ध छौँ, तर, दलभन्दा राष्ट्रियता ठूलो हो, त्यसमा अहिले एकताबद्ध हुनुपर्ने आवश्यकता छ ।"

नेपाल कम्युनिष्ट पार्टी (एमाले)का सांसद ऐनबहादुर महरले विद्यार्थीको हकहितमा लडिरहने विद्यार्थी सङ्गठन खारेज गर्ने सरकारको निर्णय सच्याउन आग्रह गर्नुभयो । विश्वका कतिपय प्रतिष्ठित विश्वविद्यालयमा समेत विद्यार्थी सङ्गठन रहेको उल्लेख गर्दै उहाँले विद्यार्थी सङ्गठनमाथि प्रतिबन्ध लगाएर सरकारले निरङ्कुशता प्रदर्शन गर्न खोजिरहेको बताउनुभयो ।

एमाले सांसद विष्णुमाया विकले डिजिटल माध्यमबाट महिलामाथि हुने हिंसा न्यूनीकरणको योजना बनाउन सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कम्युनिष्ट पार्टीका सांसद युवराज दुलालले संसद्लाई जनताको पक्षमा काम गर्ने थलोका रूपमा विकास गर्न सभामुखलाई सुझाव दिनुभयो । नवयुवा पुस्ताले मुलुकको अवस्था बदल्न अन्दोलन गरेको उल्लेख गर्दै उहाँले समाजवादोन्मुख राज्य व्यवस्था स्थापना गर्नेतर्फ सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद ध्रुवराज राईले झण्डै दुईतिहाइ मत प्राप्त गरेको दलको नेतृत्वमा गठित सरकारले विकास र समृद्धिको जनआकाङ्क्षा पूरा गर्न सक्नुपर्ने बताउनुभयो । राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद खुस्बु वलीले एसियाली विकास बैंक र विश्व बैंकबाट सरकारले 'डिजिटल नेपाल ट्रान्फरमेसन प्रोजेक्ट' र 'दिगो र समावेशी वित्त प्रयोजनका लागि' ठूलो मात्रामा सहुलियत ऋण स्वीकार गरेको बारेमा सदनलाई जानकारी दिन माग गर्नुभयो ।

रास्वपा सांसद गणेश पराजुलीले जनताको आवाज सुन्ने र सम्बोधन गर्ने प्रयासमा सरकारले कुनै कञ्जुस्याइँ गर्न नहुने बताउनुभयो । रास्वपा सांसद निशा डाँगीले परिवर्तनको तीव्र चाहनास्वरूप जनताले रास्वपालाई अभूतपूर्व मत दिएको उल्लेख गर्दै जनताको मतको सम्मान गर्दै अघि बढ्नुपर्ने बताउनुभयो ।

सोही पार्टीका सांसद राम लामाले निर्वाचनमार्फत व्यक्त जनमत राजनीतिक समर्थन मात्रै नभई उत्तरदायित्वको स्पष्ट सन्देश भएकाले जनअपेक्षा पूरा गर्न लाग्नुपर्ने बताउनुभयो । रास्वपा सांसद खगेन्द्र सुनारले जातीय विभेदका कारण नागरिकले अनाहकमा ज्यान गुमाउनुपर्ने अवस्था अब अन्त्य गरिनुपर्ने बताउनुभयो ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यक्तित्व विकास वा थप अध्ययनको अवसर प्राप्त हुनेछ । |
| वृष : | सहकार्य वा साझेदारीको काममा दौडधूप गर्नुपर्ने समय हो । |
| मिथुन : | नयाँ योजना प्रारम्भ गर्न उत्तम समय छ । |
| कर्कट : | सामान्य भनाभनमा ठुलै झगडा पर्ने दिन छ । |
| सिंह : | आफूलाई कमजोर या नजान्ने नठान्नु होला । |
| कन्या : | परिबन्द र बाध्यताका काममा रुमल्लिनु पर्ने हुन्छ । |
| तुला : | कारोबारमा राम्रै फड्को मार्ने समय छ। |
| वृश्चिक : | पेशागत र व्यवसायिक जीवन संतोषजनक रहनेछ । |
| धनु : | कला वा सिर्जनासंग सम्बन्धित कामबाट प्रतिष्ठा र सम्मान पाउने दिन हो । |
| मकर : | झिनामसिना काम र घरेलु काममा अलमलिदै दिन बित्नसक्छ । |
| कुम्भ: | दाम्पत्य जीवनको भरपूर सुख भाग गर्न पाइने छ । |
| मीन: | आडम्बर देखाउनु हुँदैन, नत्र सामान्य मानेको विषयलाई प्रमाणित गर्न गाह्रो हुन्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



बिहान देखिएको सूर्योदय। तस्बिर : रासस

# आगामी बजेट आर्थिक रूपान्तरणमा केन्द्रित हुन्छ : अर्थमन्त्री डा वाग्ले




काठमाण्डु । अर्थमन्त्री डा स्वार्णिम वाग्लेले आगामी जेठ १५ मा प्रस्तुत गरिने बजेट आर्थिक रूपान्तरणमा केन्द्रित हुने बताउनुभएको छ ।नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) का प्रतिनिधिसँग सिंहदरबारस्थित कार्यकक्षमा सोमबार भएको छलफलमा उहाँले वर्तमान आर्थिक, नीतिगत र समसामयिक विषयमा सरकारको धारणा स्पष्ट पार्दै सरकारको नीति राजनीतिक सुशासनसँगै आर्थिक सुशासन कायम गर्ने रहेको बताउनुभयो ।

बजेटमा सरकारी स्वामित्वका संस्थानहरूको व्यवस्थापनका लागि महत्त्वपूर्ण समेटिने बताउँदै मन्त्री डा वाग्लेले गोरखकालीलगायत केही संस्थानलाई कुन 'मोडालिटी' मा सञ्चालन गर्ने भन्ने विषयमा छलफल भइरहेको उल्लेख गर्नुभयो।सरकारलेअघिबढाएकोसम्पत्ति शुद्धिकरणसम्बन्धी अनुसन्धानबाट केही समूह अतालिएको बताउँदै उहाँले अनुसन्धान थप सशक्त बनाउदै नियमविपरीत कारोबार गर्नेलाई आवश्यक कारबाही गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । मुलुकलाई 'ग्रे लिस्ट' बाट हटाउन पनि सरकारले सम्पत्ती शुद्धीकरणबारे अनुसन्धान सुरु गर्नुपरेको जानकारी दिँदै मन्त्री वाग्लेले वर्षौंदेखि अनुसन्धान भएर थन्केका मुद्दाहरूलाई अगाडि बढाइएको स्पष्ट पार्नुभयो ।

उहाँले मध्यपूर्वमा बढ्दो द्वन्द्वलाई ध्यानमा राख्दै सरकारले आवश्यक सावधानी अपनाएको र दुई दिन सार्वजनिक बिदा दिने निर्णय गरिसकेको जानकारी दिनुभयो । मन्त्री डा वाग्लेले युद्धग्रस्त देशमा रहेका २५ लाख नेपालीलाई स्वदेश फर्काउने भन्दा पनि समस्या परेका नेपालीलाई प्राथमिकताका साथ उद्धार गर्ने काम भइरहेको उल्लेख गर्नुभयो । नाफिज अध्यक्ष मेनुका कार्कीले सरकारले प्रत्येक वर्ष ठूलो आकारको बजेट ल्याउने र कार्यान्वयनमा समस्या हुने हुँदा त्यसको विकल्पमा देशले आर्थिक विकासमा फड्को मार्ने गरी नीति कार्यक्रम ल्याउन आग्रह गर्नुभयो ।रासस

# सुदूरपश्चिम प्रदेशको वनमन्त्रीमा भट्ट



सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशका प्रमुख नजिर मियाँले मुख्यमन्त्री कमलबहादुर शाहको सिफारिसमा प्रदेशसभा सदस्य शिवराज भट्टलाई उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रीमा नियुक्त गर्नुभएको छ।

मुख्यमन्त्री एवं नेपाली कांग्रेस संसदीय दलका नेता शाहको सिफारिसमा उहाँलाई मन्त्री नियुक्त गर्नुभएको हो । नवनियुक्त मन्त्री भट्ट बैतडी जिल्लाबाट नेपाली कांग्रेसका निर्वाचित प्रदेशससभा सदस्य हुनुहुन्छ । उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय लामो समयदेखि मन्त्रीविहीन रहेको थियो ।

प्रदेश प्रमुखले नेपालको संविधानको धारा १६८ को उपधारा ९ बमोजिम मन्त्रिपरिषद् गठन तथा कार्यविभाजनसमेत गर्नुभएको छ । कार्यविभाजन देहायबमोजिम रहेको छः

१. कमलबहादुर शाह, मुख्यमन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय ।
२. बहादुरसिंह थापा, मन्त्री, आर्थिक मामिला मन्त्रालय ।
३. सुरेन्द्रबहादुर पाल, मन्त्री, भौतिक पूर्वाधार विकास मन्त्रालय ।
४. मेघराज खड्का, मन्त्री, सामाजिक विकास मन्त्रालय ।
५. हिरा सार्की, मन्त्री, आन्तरिक मामिला तथा कानुन मन्त्रालय ।
६. विरबहादुर थापा, मन्त्री, भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय ।
७. शिवराज भट्ट, मन्त्री,उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय ।

**राज्यमन्त्री**

१. प्रकाश बम, राज्यमन्त्री,आर्थिक मामिला मन्त्रालय ।
२. सरस्वती खड्का,राज्यमन्त्री, सामाजिक विकास मन्त्रालय ।
३. निर्मलादेवी साउद, राज्यमन्त्री,भौतिक पूर्वाधार विकास मन्त्रालय ।

नवनियुक्त मन्त्री भट्टले सोमबारै प्रदेश प्रमुखसमक्ष पद तथा गोपनीयताको सपथ लिनुभएको छ ।रासस

## लुम्बिनी प्रदेशका सांसदहरूसँग प्रधानमन्त्रीको छलफल

# विकासदेखि सुशासनसम्मका एजेण्डामा जोड

काठमाण्डु । प्रधानमन्त्री वालेन्द्र शाहले लुम्बिनी प्रदेशबाट निर्वाचित प्रतिनिधिसभा सदस्यहरूसँग छलफल गर्नुभएको छ।

सोमबार यहाँ प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा उहाँहरूबीच चालु आर्थिक वर्ष २०८२/८३ भित्र कार्यान्वयन गर्न सकिने कार्यक्रम, दीर्घकालीन पूर्वाधार विकास, कृषि, पर्यटन, स्वास्थ्य, शिक्षा, सुशासन तथा सामाजिक विषयहरूमा छलफल भएको हो ।छलफलमा सहभागी सांसदहरूले आआफ्ना निर्वाचन क्षेत्रका समस्या, सम्भावना तथा योजनाहरू प्रस्तुत गर्नुभएको थियो । उहाँहरूले कपिलवस्तु केन्द्रित विकास प्रस्ताव गर्नुभएको थियो ।

कपिलवस्तु-२ का सांसद विक्रम थापाले ऐतिहासिक तथा धार्मिक महत्त्व बोकेको तिलौराकोटलाई 'स्मार्ट हेरिटेज सिटी' का रूपमा विकास गर्न प्रस्ताव राख्नुभएको थियो । उक्त योजनाअन्तर्गत तिलौराकोटलाई विश्वसम्पदा सूचीमा सूचीकृत गराउने, डिजिटल प्रविधिमार्फत ऐतिहासिक अनुभव गराउने तथा अन्तरराष्ट्रिय अनुसन्धान केन्द्र स्थापना गर्ने योजना अघि सार्नु भएको थियो ।

यसैगरी, वाणगङ्गा नदी नियन्त्रण, ५४ किलोमिटर तटबन्ध निर्माण, तथा भारत सरकारको अनुदान सहयोगमा स्वीकृत डीपीआर कार्यान्वयनमा लैजान माग गरिएको थियो । यस्तै, कृषि क्षेत्रका लागि कपिलवस्तुमा करिब ६० हजार



मेट्रिकटन मल आवश्यक रहे पनि आपूर्ति न्यून रहेकाले समस्या समाधानका लागि आग्रहसमेत गरिएको छ।

छलफलमा अधिकांश सांसदहरूले बाँदरका कारण उत्पन्न समस्याबारे ध्यानाकर्षण गराउनुभएको थियो । यसैगरी उहाँहरूले सिँचाइ, खानेपानी र स्वास्थ्य क्षेत्रमा तत्काल गर्नुपर्ने कामबारे जोड दिनुभएको थियो । जगदीशपुर तालको क्षमता घट्दै गएको भन्दै यसको पुनः संरचना गरी करिब ६२ सय हेक्टर जमिनमा सिँचाइ विस्तार गर्नुपर्ने विषय पनि उठाइएको थियो।

उहाँहरूले कपिलवस्तुका आर्सेनिकयुक्त पानी, भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीको व्यवस्थापन, एकीकृत बस्ती विकास तथा उत्पादनमुखी कार्यक्रम सञ्चालन गर्नुपर्ने सुझाव दिनुभएको थियो । यसैगरी लुम्बिनीदेखि तिलौराकोटसम्म २२ किलोमिटर चार लेन सडक तथा मर्यादपुर-तिलौराकोट सडक निर्माणको आवश्यकताबारे पनि सासदहरूले कुरा उठाउनुभएको थियो ।

गुल्मी क्षेत्र नं १ का सांसद सागर ढकालले बाँदरका कारण उत्पन्न समस्या समाधानका लागि विभिन्न निकाय र विज्ञहरूसँग छलफल गरिएको र यसमा सरकारले थप योजना अगाडि बढाउनुपर्ने बताउनुभयो।

पाल्पाका सांसद सन्दीप रानाले पाल्पा, अर्घाखाँची, प्युठान, रोल्पा हुँदै सल्यान जोड्ने रणनीतिक सडकलाई प्राथमिकतामा राख्न माग गर्नुभयो। उहाँले कालिगण्डकी करिडोर, रिङरोड, ग्रामीण सडक स्तरोन्नति तथा पर्यटन मार्ग विकास गरिनुपर्ने बताउनुभयो। नवलपरासी-२ का सांसद नरेन्द्रकुमार गुप्ताले रामग्राम स्तूप, देवदहलगायत बौद्ध तथा ऐतिहासिक क्षेत्रहरूको एकीकृत विकासको प्रस्ताव गर्नुभयो।

सांसदहरूले मल अभाव, सिँचाइ समस्या, कृषि आधुनिकीकरण, 'एक वडा-एक उत्पादन' नीति लागू गर्नुपर्नेमा समेत जोड दिनुभयो । बाँकेका सांसद मोहम्मद इश्तियाक राईले सामाजिक सद्भाव र धार्मिक सहिष्णुता कायम राख्न सरकारको विशेष पहल आवश्यक रहेको बताउनुभयो । सीमावर्ती क्षेत्रमा अपराध नियन्त्रण तथा निगरानी सुदृढ गर्नुपर्नेमा उहाँले जोड दिनुभएको थियो।

त्यस अवसरमा कपिलवस्तुको चुरे-भावर क्षेत्र संरक्षणसँगै पर्यटन विकास गर्ने नीति आवश्यक रहेको, इको-टुरिजम, ट्रेकिङ, होमस्टे तथा जडीबुटी आधारित अर्थतन्त्र विकास गर्ने सम्भावनाबारे छलफल भएको थियो । छलफलमा सुशासन प्रवर्द्धनका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पुनर्संरचना, स्वतन्त्र भ्रष्टाचार नियन्त्रण निकाय गठन तथा अन्तरराष्ट्रिय अभ्यास अध्ययन गर्ने विषयबारे पनि कुराकानी भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ।

प्रधानमन्त्री शाहले सांसदहरूले उठाएका विषयहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गर्दै लुम्बिनी प्रदेशको समग्र विकासलाई अघि बढाउने निष्कर्षसहित बैठक सम्पन्न भएको थियो ।रासस

# सञ्चार मन्त्रालयको दश बुँदे सुधारात्मक कार्ययोजना स्वीकृत

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले नतिजामा आधारित शासकीय व्यवस्थापन प्रणाली कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले १० वटा प्रमुख सुधारात्मक कार्यक्रमसहितको विस्तृत कार्ययोजना स्वीकृत गरेको छ।

नेपाल सरकार मन्त्रिपरिषद् बैठकको यही चैत १३ गतेको निर्णयअनुसार सार्वजनिक सेवा प्रवाहलाई नागरिकमैत्री, छरितो, पारदर्शी र प्रविधिमैत्री बनाउने लक्ष्यसहित मन्त्रालयले विषय क्षेत्रअनुसार प्रमुख कार्य, कार्यसम्पादन सूचक, समयसीमा तथा जिम्मेवार अधिकारी तोकी कार्ययोजना कार्यान्वयनमा ल्याएको मन्त्रालयका प्रवक्ता उदयबहादुर रानामगरले जानकारी दिनुभयो।

उहाँका अनुसार डिजिटल शासनको अवधारणालाई सुदृढ गर्दै सेवा प्रवाहमा सहजता, लागत न्यूनीकरण र समय बचत गर्ने लक्ष्यका साथ विभिन्न दश वटा प्राथमिकताका कार्यक्रम स्वीकृत गरिएका छन्।

**मन्त्रालयले एकीकृत आवेदन प्रणाली सञ्चालन**

नागरिक एपमार्फत प्रहरी प्रतिवेदन, राहदानी तथा सवारीचालक अनुमति पत्रलगायत विभिन्न सरकारी सेवालाई अन्तरआबद्ध गरी ४५ दिनभित्र एकीकृत आवेदन प्रणाली सञ्चालनमा ल्याइनेछ । यसमध्ये नागरिक एपमार्फत प्रहरी प्रतिवेदन प्राप्त गर्ने प्रणाली कार्यान्वयन भइसकेको छ।

**हुलाकलाई सरकारी कुरियर सेवाका रूपमा विकास**

सरकारी सेवाहरू नागरिकको घरदैलोमै




पुऱ्याउने लक्ष्यसहित ९० दिनभित्र हुलाक सेवालाई सरकारी कुरियर सेवाका रूपमा विकास गरिनेछ । सेवा प्रवाहको समय र लागत न्यूनीकरण गर्न २०८३ वैशाख मसान्तसम्म डाँक मार्गको पुनरावलोकन सम्पन्न गरिने जनाइएको छ । त्यसपछि हुलाकमार्फत राहदानी, सवारीचालक अनुमतिपत्र, शैक्षिक प्रमाणपत्र तथा नेपाल टेलिकमका सिमकार्डलगायत कागजात सबै जिल्लाका वितरण केन्द्रसम्म पुऱ्याइने छ । साथै, स्वास्थ्य परीक्षणका नमुना सुरक्षित रूपमा प्रयोगशालासम्म ढुवानी गर्ने व्यवस्थासमेत मिलाइने जनाइएको छ।

यातायात व्यवस्था विभागबाट विवरण प्राप्त भएको २४ घण्टाभित्रै सुरक्षण मुद्रण केन्द्रको अत्याधुनिक छपाइ मेसिनमार्फत गुणस्तरीय सवारीचालक अनुमति पत्र छपाइ गरी हस्तान्तरण गर्ने व्यवस्था सुरु गरिएको छ । हाल छपाइ बाँकी रहेका करिब २९ लाख लाइसेन्स आगामी असार मसान्तसम्म छपाइ सम्पन्न गर्ने लक्ष्य राखिएको छ ।नेपाल दूरसञ्चार प्राधिकरणको सहकार्यमा मोबाइल डेटा सेवामा सुधार गर्दै ९० प्रतिशत डेटा प्रयोग भएपछि ग्राहकलाई सूचना पठाउने, 'पे-एज-यू-गोभ (पिएवाईजी) विकल्प उपलब्ध गराउने तथा सब्स्कृप्सन मोडलमा सेवा सञ्चालन गर्न सकिने प्रणाली लागू गरिनेछ।

सरकारी वेबसाइट तथा एप प्रयोगकर्तामैत्री बनाउन दुई सय ५० भन्दा बढी सरकारी वेबसाइट तथा मोबाइल एपलाई अपाङ्गतामैत्री तथा कम प्रविधिक ज्ञान भएका नागरिकले समेत सहज रूपमा प्रयोग गर्न सक्ने गरी अद्यावधिक गरिनेछ। साथै, प्रयोगकर्तालाई सहयोग गर्ने भिडियो सामग्री पनि तयार गरिनेछायस्तै ३० दिनभित्र फोरजीसँग सम्बन्धित नीतिगत व्यवस्था परिमार्जन गरी यस्तो सेवाको गुणस्तर सुधार गर्न थप फ्रिक्वेन्सी उपलब्ध गराइनेछ । नेपाल टेलिकमका सेवामा ग्राहकले एकपटक दिएको विवरण पुनः पेस गर्न नपर्ने गरी ३० दिनभित्र 'वान टाइम केवाइसी' प्रणाली लागू गरिनेछ। प्रणालीमा आधारित दूरसञ्चार सेवाअन्तर्गत इ–सिम वितरण, गुनासो व्यवस्थापन, हराएको सिम पुनःप्राप्ति तथा स्वामित्व हस्तान्तरणलगायत सेवाहरू ३० दिनभित्र पूर्ण रूपमा अनलाइन माध्यमबाट उपलब्ध गराइने मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार 'एकल विन्दु सेवा' सहायता कक्ष स्थापना गरी दूरसञ्चार सेवाको सहज उपलब्धता सुनिश्चित गर्ने र नेपाल टेलिकमका सबै कार्यालयमा यस्तो सहायता कक्ष स्थापना गरिनेछ।

यसैगरी सूचना प्रविधि, विद्युतीय शासन, साइबर सुरक्षा, डाटा संरक्षण तथा कृत्रिम बौद्धिकतासम्बन्धी नीतिगत सुनिश्चितताका लागि ९० दिनभित्र सम्बन्धित विधेयकहरू तर्जुमा गरिनेछ।

मन्त्रालयले स्वीकृत कार्ययोजनाअनुसार सबै कार्यक्रम निर्धारित समयसीमाभित्र कार्यान्वयन गरी सार्वजनिक सेवा प्रवाहलाई थप प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाउने प्रतिबद्धता व्यक्त गरेको छ । यस पहलले डिजिटल नेपाल अभियानलाई थप सुदृढ बनाउँदै नागरिकलाई सहज, सुलभ र विश्वसनीय सेवा प्रदान गर्ने अपेक्षा गरिएको छ ।रासस

# 'जनताका माग र अपेक्षा संसद्मा उठाउँछौं'

काठमाण्डु । कर्णालीबाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित सांसदहरुले जनताको अपेक्षा र मागलाई संसद्मा उठाउने प्रतिबद्धता जाहेर गरेका छन्।

'संवाद डबली'ले यहाँ सोमबार आयोजना गरेको सम्मान कार्यक्रममा कर्णालीबाट प्रतिनिधित्व गर्ने सांसदहरुले त्यहाँका समस्या र समाधानका लागि सदन तथा सरकारको ध्यानाकर्षण गर्ने बताए । नेपाली कम्युनिष्ट पार्टीबाट कालिकोटबाट निर्वाचित सांसद महेन्द्रबहादुर शाहीले कर्णालीका समस्या र समाधानको उपायलाई नजिकबाट साक्षात्कार गरेको बताउँदै संसद् तथा सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता जाहेर गर्नुभयो। उहाँले आफू सङ्घीय मन्त्री र कर्णालीको मुख्यमन्त्री हुँदा पनि सकारात्मक पहल गरेको बताउनुभयो।

सांसद शाहीले भन्नुभयो, "कर्णालीका समस्या र समाधानलाई नजिकबाट चिनेका छौं, विगतमा सङ्घीय सरकार र प्रदेशमा केही पहल गरेका थियौं, केही काम भएका पनि थिए र बाँकी कार्यको निरन्तरता दिन पहल गर्छौं।"

नेकपा (एमाले) बाट दैलेख क्षेत्र नं-२ बाट निर्वाचित लक्ष्मीप्रसाद पोखरेलले कर्णाली प्रदेश पिछडिएको मात्रै नभएर सम्भावनाको खानी भएको जिकिर गर्दै त्यसको उचित पहिचान हुन नसकेको बताउनुभयो । उहाँले कर्णालीका सम्भावनाको पहिचान




गरी जनताको हितमा उपयोग गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

"कर्णाली पिछडिएको मात्रै नभएर सम्भानाको खानी पनि हो, राज्यले सम्भावनाको पहिचान गर्न सकेन, अब हामीले संसद्मा कुरा उठाउँछौं र सरकारको ध्यानाकर्षणसँगै योजना बनाउन पहल गर्छौं", सांसद पोखरेलले भन्नुभयो।

नेपाली कांग्रेसका सांसद कालिबहादुर सहकारीले कर्णालीलाई सुनको थाली भन्दै त्यसको महत्व बुझ्न नसकिएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी सुनको थालीमा नुन मागिरहेका छौं, अब सुनको थालीमा नुन माग्ने होइन, त्यसको सम्भावनालाई जनताको हितमा उपयोग गर्नुपर्छ, त्यसका लागि म लाग्छु ।" जनताले आफूहरुसँग ठूलो अपेक्षा गरेको बताउँदै उहाँले जनताको आशा र भरोसालाई आफूले कहिलै मर्न नदिने प्रतिबद्धता जनाउनुभयो।

कार्यक्रममा पलाँता गाउँपालिकाका अध्यक्ष विष्णुबहादुर रोकायाले नवनिर्वाचित सांसदहरुले कर्णालीका जनताका माग र अपेक्षालाई संसद्मार्फत सरकारसमक्ष पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो । उहाँले सम्भावना र चुनौतिबीच नवनिर्वाचित सांसदहरुले मुख्य गरेर सडक पहुँच, कृषि आधुनिकीकरण, पर्यटन, जलविद्युत् र गरिबी घटाउने कार्यमा जोड दिनुपर्ने सुझाव दिनुभयो।

कार्यक्रममा सांसदहरु विष्णुबहादुर खड्का (सुर्खेत-१), जयपति रोकाया (हुम्ला), खड्कबहादुर बुढा (जाजरकोट), खड्क शाही (मुगु), कालीबहादुर सहकारी (कालिकोट), महेन्द्रबहादुर शाही (कालिकोट), गोपाल शर्मा (रुकुम पश्चिम), पार्वती विक (जाजरकोट), लक्ष्मीप्रसाद पोखरेल (दैलेख-२), यसुदाकुमारी बराल (कालीकोट)लगायतलाई सम्मान गरिएको थियो ।रासस




अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेश प्रदेशमा अर्थ मन्त्रालय भ्रष्टाचारको थलो

मधेश प्रदेशको अर्थमन्त्रालय भ्रष्टाचारको थलो बनेको छ । अग्रीम कमिसन बिना प्रदेशको कुनै मन्त्रालयको बजेट खोलिदैन । प्रदेश सभाले पारित गरेको फरक बजेट कम्प्युटरमा इन्ट्री गरेको र कमिसन दिने कार्यालयहरुको बजेट चाहेको बखत खोल्ने र नदिने कार्यालयको बजेट रोक्ने काम अर्थ मन्त्रालयका सचिव रामकुमार महतोले गर्दै आएका छन् । प्रदेश सभाले पारित गरेको बिनियोजन ऐन २०८२ को खण्ड ९ को धारा १०को उपधारा २ र ३ मा मन्त्रालयले चाहेको बेला त्रुटि सच्याउन सक्ने प्रावधान राखिएको छ। त्यसलाई नै टेकेर अर्थ मन्त्रालयले मनपरी ढंगले बजेट रोक्ने र खोल्ने कार्य गरिरहेको छ । मन्त्रालयको सुचना प्रणालीमा प्रविष्ट भएको बजेटमा चलखेल गर्ने अधिकार प्रदेश मन्त्रालयको हुँदैन । बजेटमा त्रुटी हुँदैन । भएको त्रुटि पनि प्रदेश सभाको बैठकमा नै सच्याइन्छ । प्रदेश सभाबाट पारित भइसकेको बजेटमा मन्त्रालयले चलखेल गर्न पाउँदैन । कुनै पनि ऐन बनाएर संघीय ऐनको बर्खिलाप काम गर्न मिल्दैन । संघीय सरकारको बजेटमा पनि मनलागी रकम रोक्ने, खोल्ने, घटाउने र बढाउने प्रावधान हुँदैन । तर मधेश प्रदेशमा बजेट बिनियोजनको बखत १ रुपैया राखिएको शीर्षकमा लाखौं रकम थपगरि उपभोक्ता समिति मार्फत योजना चलाइँदैछ । अर्थमन्त्रालयले वित्तीय अनुशासनलाई अन्य मन्त्रालय र निकायमा समेत कार्यान्वयन गराउने जिम्मेवारी बोकेको छ। तर आफैले वित्तीय अनुशासनलाई भंग गरी कमिसनको प्रलोभनमा सुचना प्रणालीमा प्रविष्ट भइसकेको बजेटलाई आफू खुशी गर्दै उपभोक्ता समितिलाई जिम्मा लगाउन थालेको छ। कोटेशनमा वितरण गरिएको कार्य र उपभोक्ता समितिको नामबाट वितरण गरिएको कार्य ठेकदारले नै गर्ने छन् । कानुनलाई छलेर मन्त्रालय चरम आर्थिक अनियमिततामा उत्रेको छ। समयमा मन्त्रालयहरुलाई काम गर्न बजेट खुल्ला नगर्ने र समय छोटिएपछि अग्रीम कमिसन लिएर बजेट खुल्ला गर्ने अर्थ सचिव रामकुमार महतोको चौतर्फी आलोचना भइरहेको छ। मन्त्री र मन्त्रालयका सचिव, कर्मचारीहरु समयमा काम गर्न नपाउँदा दुखी छन् । ४६ अर्ब ५८ करोडको बजेटमा १७ अर्ब अपुग रहेको छ। गत आर्थिक वर्षमा बनाइएको बजेटमा पनि अर्थ सचिव महतोले चलखेल गरेका थिए। तत्कालीन अर्थमन्त्री भरतप्रसाद साहले बजेटको सिस्टममा बर्दिबासबाट केही कर्मचारीहरुले अनधिकृत प्रवेश गरी योजनाहरु समावेश गरेको आरोप लगाएका थिए। प्रदेश सभा बैठकमा त्यसको व्यापक विरोध भएको थियो। विपक्षी दलहरुले मन्त्री साहको राजीनामा समेत माग गरेका थिए। तर संसद चलिरहेकै बेला सरकार नै ढलेको कारण त्यो विषय सेलाएको थियो। सचिव महतोले भने त्यसमा व्यापक चलखेल गरी पहिले नै योजना बिक्री गरी बजेटमा समावेश गरेका थिए। अर्थ मन्त्रालयमा भइरहेको व्यापक अनियमितताको छानबिनको माग उठ्न थालेको छ।

# राजनीतिक दलको मुहान धमिलो बन्दा महान्यायाधिवक्ता पदको गरिमा रहेन



पूर्णचन्द्र पौडेल

महान्यायाधिवक्ताको पद सरकारको कानुनी सल्लाहकारका रूपमा भन्दा पनि राजनीतिक स्वार्थ पूरा गर्ने हतियारका रूपमा प्रयोग भएको देखिन्छ।

पछिल्लो समय व्यक्तिगत स्वार्थ बाझिने मुद्दाहरूमा निर्णय लिँदा महान्यायाधिवक्ताको गरिमा र संवैधानिक भूमिकामाथि प्रश्न उठेको छ।

न्याय प्रणालीलाई सङ्ल्याउन महान्यायाधिवक्ताको पदलाई राजनीतिक प्रभाव र स्वार्थभन्दा माथि उठाएर स्वतन्त्र रूपमा कार्यसम्पादन गराउनु आवश्यक छ।

महान्यायाधिवक्तालाई सरकारको कानुनी सल्लाहकार बनाउनु पर्ने थियो, तर सरकारको भन्दा पनि प्रधानमन्त्रीको कानुनी सल्लाहकारको रूपमा यो पदलाई लिने गरिएको छ। यो पद भनेको प्रधानमन्त्रीले योग्यता पुगेका जो सुकैलाई महान्यायाधिवक्ता बनाउन सक्छन् । विगतदेखि अहिलेसम्म प्रधानमन्त्रीको गलत चाहनालाई कार्यान्वयन गर्ने हतियारको रूपमा महान्यायाधिवक्ता प्रयोग भए। सरकारले गरेका गलत नियतको कार्यान्वयन गर्ने हतियारको रूपमा देखिएको छ।

महान्यायाधिवक्तालाई संविधानले अधिकार दिएको छ। प्रधानमन्त्रीको प्रमुख कानुनी सल्लाहकार हुँदाहुँदै पनि संवैधानिक केही कर्तव्य तोकेको छ। त्यो सीमाभित्र महान्यायाधिवक्ता रहनुपर्ने हुन्छ । अर्को कुरा सिद्धान्ततः हामी महान्यायाधिवक्ता हुने मान्छे एउटा विद्वान हो, वरिष्ठ वकिल हुन्छ, वकिलबाट जाँदा अथवा अन्तबाट आउँदा पनि एउटा सिनियर मान्छे नियुक्ति गरिन्छ भन्ने मान्यता राख्छौँ । केही राजनीति गर्ने मान्छेले कहिलेकाहीँ राजनीतिक मूल्य मान्यता छोड्ने प्रयास पनि गरेका छन् । त्यतिबेला विद्वान महान्यायाधिवक्ताले एउटा अधिकारभित्र बसेर उनीहरूलाई सम्झाउन पनि सक्नुपर्छ। तर त्यो गरेको देखिँदैन । पछिल्ला समय महान्यायाधिवक्ताबाटै विवादास्पद निर्णयहरू भएको देखिन्छ।

समग्रमा हेर्दा केही महान्यायाधिवक्ताहरूले राम्रो काम पनि गर्नुभएको छ। कतिपय महान्यायाधिवक्ताले आफ्नो व्यक्तिगत चाहनामा गाँसिएको कुराहरूमा हस्तक्षेप गरेर मुद्दा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ता पदको गरिमा कायम राख्न सकेको देखिएन । महान्यायाधिवक्ताले गर्ने पटक-पटकको निर्णय पत्रपत्रिकामा सार्वजनिक भएको देखिन्छ । महान्यायाधिवक्ता नियुक्ति गर्ने सरकारको काम हो । देशको सबै कुरा सुधार्ने जिम्मा प्रधानमन्त्रीको पनि हो, तर सत्ताका लागि सबै कुरा बिर्सेर गम्भीर फौजदारी मुद्दा फिर्ता लिने निर्णय भएका छन् । सबै सिस्टम सुधार्ने, मुलुक सुधार्ने, सबै कुरा सुधार्ने जिम्मा प्रधानमन्त्रीको हो । प्रधानमन्त्रीले नियुक्त गरेको महान्यायाधिवक्ताले गलत गरेपछि सोच्नुपर्नेमा सत्ता स्वार्थलाई मात्रै केन्द्रमा राखे।

संविधानले महान्यायाधिवक्तालाई अटोनोमस भन्दा पनि स्वतन्त्र संवैधानिक अङ्गको रूपमा परिकल्पना गरेको छ।

देशका तीन वटा अङ्ग छन् -कार्यपालिका, न्यायपालिका, व्यवस्थापिका । प्रधानमन्त्री भनेको कार्यकारी प्रमुखको साथसाथै संसदको पनि नेता हो । महान्यायाधिवक्ताले गलत गर्दा प्रधानमन्त्रीले रोक्नुपर्नेमा चुपचाप बसेको देखियो।

संविधानले महान्यायाधिवक्तालाई अटोनोमस भन्दा पनि स्वतन्त्र संवैधानिक अङ्गको रूपमा परिकल्पना गरेको छ । महान्यायाधिवक्तालाई संविधानले केही अधिकार कर्तव्य दिएको छ, त्यसको इमानदारिताका साथ पालना हुनुपर्‍यो । महान्यायाधिवक्ता तर्कसङ्गत हुनुपर्छ। कुनै निर्णय गर्दा, कुनै मुद्दा फिर्ता गर्दा, कुनै मुद्दा थप्ने, कुनै मुद्दा नचलाउने निर्णय गर्दा, कुनै मुद्दा चलाउने निर्णय गर्दा तथ्यपूर्ण र कानुनी रूपमा तर्कसङ्गत हुनुपर्छ । कानुनलाई आफ्नो स्वार्थ हेरेर व्याख्या गर्ने, घुमाउने, परिभाषा गर्ने, अर्थ्याउने चलन बढेर गएको छ। अरू निकायमा पनि त्यस्तो देखिन्छ। महान्यायाधिवक्तामा राख्नेभन्दा पनि राजनीतिलाई चाहिँ शुद्धीकरण गर्नु जरुरी छ । निजामती संगठन पनि, निजामती सम्पूर्ण सेवा पनि राजनीतिबाट प्रभावित त हुन्छन् । किनभने त्यसलाई राजनीतिले नै गाइड गर्ने हो । जस्तो गोसाइँकुण्डमा पानी धमिलियो भने तल पानी एउटा खोला, कुलोलाई छुट्टै कुलो काटेर लिएर गएर एक ठाउँमा लगेर जमाएर सङ्ल्याउँछु भन्यो भने धेरै मेहनत गर्नु पर्छ, त्यो पर्फेक्ट्ली सङ्लिन सक्दैन। मुहान नै सङ्लियो भने स्वतः सङ्लो हुन्छ। नेपालमा राजनीति दूषित भएर नै यो सबै भएको हो । सबै महान्यायाधिवक्ता विवादित छन् भनेर भन्नु पनि हुँदैन, इतिहासमा एक दुई जनाको नाम लिन पर्दा मोतीकाजी स्थापित नाम हो । उहाँको कार्यकाललाई एकदमै विवादरहित, कम्प्यारेटिभली गलत निर्णयहरू भएको देखिँदैन।

उहाँले राजनीतिक नेतृत्व प्रधानमन्त्रीसँग पनि कतिपय कुरामा फरक मत राखेर काम गर्नुभएको पायौँ । यो त गर्नु हुँदैन, यतिसम्म चाहिँ गर्नु हुँदैन भनेर राय दिनुभएको छ भन्ने पनि सुन्नमा पाइन्छ । त्यसपछि सुशील पन्तहरू पनि हुनुभयो, अरूको पनि कार्यकालहरू राम्रै देखियो । त्यस्तो विवादमा परेनन् । पछिल्लो समय भने महान्यायाधिवक्ता विवादमा आएको देखिन्छ।




पनि हामीले पटक-पटक यस्तो कुरा देखेका छौँ । व्यक्तिगत रूपमा यो मान्छे, त्यो मान्छे नभनौँ। निष्पक्ष कार्यसम्पादन हुनुपर्छ।

महान्यायाधिवक्ता पदलाई राजनीतिबाट मुक्त राख्न सकिन्न। सरकार राजनीतिक हुन्छ, सरकारको अण्डरमा सबै हुन्छन् भनेपछि राजनीतिबाट मुक्त राख्न सकिँदैन। सबै राजनीतिबाटै प्रेरित हुन्छ। संविधान नै राजनीतिक दस्तावेज हो ।

त्यसले गरेको व्यवस्था सबै राजनीतिक हो, तर राजनीति के हो भन्ने कुरा कहाँनेर दुविधा भयो भने अराजनीति र बदमासीलाई पनि हामीले राजनीतिक परिभाषा भित्र हाल्ने काम गर्‍यौँ । राजनीतिबाट अलग राख्ने भन्ने यो भाष्य सिर्जना गर्नु गलत कुरा हो । महान्यायाधिवक्तालाई राजनीतिबाट अलग राख्नेभन्दा पनि ...

महान्यायाधिवक्ताको पनि क्षेत्राधिकार छ, उहाँले त्यो क्षेत्राधिकार भित्र बसेर गर्नुपर्छ । संविधानले महान्यायाधिवक्तालाई फौजदारी मुद्दाहरू नचलाउने, चलाउने निर्णय गर्ने अधिकार दिएको छ।

महान्यायाधिवक्ताले मुद्दा नचलाउने गरेको निर्णय अदालतबाट सच्याउनु भन्यो अथवा त्यसमा अन्यथा आदेश हुनु भनेको त्यो महान्यायाधिवक्ताको अपरिपक्वताको प्रमाणको रूपमा लिनुपर्ने हुन्छ । महान्यायाधिवक्ताले निर्णय गर्दा संविधानमा टेकेर, कानुनमा टेकेर विधिसम्मत र तर्कसङ्गत ढङ्गले गरेमा उल्टने सम्भावना हुँदैन। राजनीतिक प्रभाव र पहुँचको आधारमा मात्रै महान्यायाधिवक्ताले निर्णय गर्दा उल्टिन पनि सक्छ।

महान्यायाधिवक्ताको पनि क्षेत्राधिकार छ, उहाँले त्यो क्षेत्राधिकार भित्र बसेर गर्नुपर्छ । संविधानले महान्यायाधिवक्तालाई फौजदारी मुद्दाहरू नचलाउने, चलाउने निर्णय गर्ने अधिकार दिएको छ । तर, महान्यायाधिवक्ताको कुर्सीमा बसेपछि आफ्नो जिम्मेवारी के हो र अधिकार क्षेत्र कति हो भनेर बुझ्न जरुरी हुन्छ। पछिल्लो समय त्यस्तो भएको पाइँदैन।

महान्यायाधिवक्ता पदमा रहँदा आफ्नै व्यक्तिगत स्वार्थ जोडिएको विषयमा निर्णय लिनु कानुन र नैतिकता दुवै दृष्टिले अपराध हो । तत्कालीन महान्यायाधिवक्ता सविता भण्डारी बरालको कार्यकालमा भएको ‘होप फर्टिलिटी’ (होप केयर सेन्टर) को मुद्दा यसको अर्को कालो पक्ष हो। आफू र आफ्नै परिवारको सेयर लगानी रहेको संस्थाविरुद्धको मुद्दामा आफैँले मुद्दा नचलाउने निर्णय गराउनु ‘स्वार्थको द्वन्द्व’ को पराकाष्टा हो।

महान्यायाधिवक्ताको पद केवल सरकारको बचाउ गर्ने वकिलको मात्र होइन, यो न्यायको रक्षा गर्ने संवैधानिक अङ्ग पनि हो।

कुनै पनि अधिकारको प्रयोग गर्दा त्यो ‘तर्कसंगत’ र ‘कानुनसम्मत’ हुनुपर्छ, तर यहाँ कानुनलाई आफ्नो स्वार्थअनुसार व्याख्या गर्ने, घुमाउने र परिभाषा बदल्ने चलन बढेको देखिन्छ । तथ्यले मुद्दा चलाउनुपर्ने देखिँदादेखिँदै पनि ‘कानुन र संविधानको लेप’ लगाएर अपराधी जोगाउने काम महान्यायाधिवक्ताबाटै हुनुले विधिको शासनमाथि उपहास गरेको छ।

महान्यायाधिवक्ताले गर्ने हरेक विवादास्पद निर्णयको जस-अपजसको भागीदार अन्ततः उसलाई नियुक्ति गर्ने प्रधानमन्त्री नै हुनुपर्छ। लोकतन्त्र भनेको पारदर्शी र एकाउन्टेबल (जवाफदेही) व्यवस्था हो। जब मिडियाले यस्ता विवादास्पद निर्णयहरूको बारेमा प्रश्न उठाउँछ, तब प्रधानमन्त्रीले पनि ‘महान्यायाधिवक्ताले के गर्दैछ ?’ भनेर सोधखोज गर्नुपर्छ।

मिडियाले उठाएका सबै कुरा सही नहुन सक्छन्, तर जब व्यक्तिगत स्वार्थ जोडिएको र गम्भीर अपराध लुकाइएको कुरा सार्वजनिक हुन्छ, तब राज्य मौन बस्नुले दण्डहीनतालाई प्रश्रय दिन्छ। यस्ता मुद्दाहरूमा प्रहरीलाई स्वतन्त्र अनुसन्धान गर्न दिनुको साटो महान्यायाधिवक्ता कार्यालयबाटै अवरोध सिर्जना हुनु लोकतन्त्रका लागि घातक छ।

महान्यायाधिवक्ताको पद केवल सरकारको बचाउ गर्ने वकिलको मात्र होइन, यो न्यायको रक्षा गर्ने संवैधानिक अङ्ग पनि हो । यसले सरकारको प्रतिरक्षा गर्ने र नागरिकको हकको रक्षा गर्ने दुई वटा भूमिकाबिच सन्तुलन मिलाउनुपर्छ, तर वर्तमान अभ्यासमा ‘स्वार्थको द्वन्द्व’ र ‘राजनीतिक दासता’ हाबी हुँदा यो संस्था विवादित बनेको छ।

महान्यायाधिवक्ताले गर्ने निर्णयहरू कानुनको लेप लगाएका मात्र होइन, इमानदारिताका साथ तर्कसङ्गत हुनुपर्छ । न्याय प्रणालीलाई सङ्ल्याउने हो भने महान्यायाधिवक्ता पदको स्वतन्त्रता कायम गर्दै यसलाई राजनीतिक र व्यक्तिगत स्वार्थभन्दा माथि उठाउनु आजको अनिवार्य आवश्यकता हो। अन्यथा, न्याय खोज्ने आम नागरिकका लागि ‘महान्यायाधिवक्ता’ को कार्यालय केवल सत्ताको एउटा अँध्यारो कोठा साबित हुनेछ।रातोपाटी

# सहिद रामविलास ठाकुर र जिउँदो सहिद राजकुमार झा



प्रफुल्ल घिमिरे

२०४६ साल फागुन ७ गतेदेखि देशभर प्रजातन्त्र पुनःस्थापनाका लागि नेपाली कांग्रेसको नेतृत्वमा सुरु भएको जनआन्दोलन केवल राजनीतिक परिवर्तनको औपचारिक अभियान मात्र थिएन, त्यो नेपाली जनताको आत्मसम्मान, अधिकार र स्वतन्त्रताको गहिरो आकांक्षाबाट जन्मिएको ऐतिहासिक उभार थियो। नेपाली कांग्रेसको आह्वानमा सुरु भएको यस आन्दोलनलाई सफल बनाउन देशभर विभिन्न तहमा संगठनात्मक संरचना निर्माण गरियो। धनुषा जिल्लामा नेपाल विद्यार्थी संघको सक्रिय पहलमा विद्यार्थी परिचालन समिति गठन भई विद्यालय-विद्यालयमा आन्दोलनको चेतना फैलाउने काम तीव्र गतिमा अघि बढ्यो। यही क्रममा जनकपुर स्थित बभनगामाको श्री कन्टिर झा नमूना माध्यमिक विद्यालयमा अध्ययनरत राजकुमार झा पनि आन्दोलनको अग्रपंक्तिमा उभिने युवामध्ये एक बने।

जनकपुर, जो मिथिलाञ्चलको सांस्कृतिक केन्द्र मात्र नभई राजनीतिक चेतनाको उर्वर भूमिसमेत थियो, त्यहाँ आन्दोलन क्रमशः उग्र र सशक्त बन्दै गइरहेको थियो। जनक चोकबाट सुरु भएका जुलुसहरू भानुचोक हुँदै सरकारी संरचनाहरूतर्फ अघि बढ्दै, पञ्चायती व्यवस्थाविरुद्धको प्रतिरोधलाई तीव्र बनाउँदै लगे। आन्दोलनकारीहरूले नारा लगाउँदै गिरफ्तारी दिने, दमन सहने र पुनः संगठित भएर उभिने परिपाटीलाई निरन्तरता दिएका थिए। यसै क्रममा जदुकोहामा भएको निर्मम दमनमा उदयशंकर मण्डल, राम नारायण यादव, जानकी देवी, मुनेश्वरी देवी र सोनावती देवीले सहादत प्राप्त गरेपछि जनताको आक्रोश झनै चुलियो र आन्दोलनले थप उचाइ लियो।

यसै पृष्ठभूमिमा चैत २४ गते राष्ट्र व्यापी कार्यक्रम नेपाल बन्दको घोषणा गरियो। बिहानैदेखि जनकपुरका सडकहरू जनसागरले भरिन थाले। जनक चोकमा भेला भएको विशाल जुलुस भानुचोकतर्फ अघि बढ्यो। आन्दोलनको उभार यति तीव्र थियो कि नगरपालिका, कर कार्यालय, भन्सार, रेल्वे स्टेशन लगायतका संरचनाहरूमा तोडफोड र आगजनी हुँदै जुलुस मिल्स एरिया पार गर्दै जनकपुर चुरोट कारखानासम्म पुग्यो। त्यहाँका मजदुर-कर्मचारीहरू समेत आन्दोलनमा मिसिँदा जनशक्ति झनै सुदृढ बन्यो। त्यसपछि जुलुस बंसीचोकस्थित जिल्ला प्रशासन कार्यालयतर्फ अघि बढ्यो, जहाँ आन्दोलनको चरम टकराव हुन पुग्यो।

जिल्ला प्रशासन कार्यालय पुग्नेबित्तिकै आन्दोलनकारीहरूले कार्यालयलाई चारैतिरबाट घेरे। नाराहरू आकाश चुमिरहेका थिए। वातावरण तनावपूर्ण बन्दै गयो र केही क्षणमै प्रहरी र आन्दोलनकारीबीच मुठभेठ सुरु भयो। प्रहरीले अन्धाधुन्ध अश्रुग्यास र गोली प्रहार गर्न थाल्यो। यही क्रममा नारा लगाइरहेका रामविलास ठाकुरलाई प्रहरीको गोली देब्रे कोखामा लाग्यो, जुन दाहिनेतर्फ प्वाल पार्दै निस्किएको थियो। उनी तत्काल ढले। उनलाई जनकपुर अञ्चल अस्पताल पुर्‍याइए पनि घटनास्थलमै उनले प्राण त्यागिसकेका थिए।

रामविलास ठाकुर महोत्तरी जिल्ला पिपराडी गाउँका बासिन्दा थिए। पिता प्रभु ठाकुर र माता सावित्री देवीका माइलो पुत्रका रूपमा जन्मिएका उनी जनकपुरको उत्तिमपुरमा बसोबास गर्दै काठ मिस्त्रीको काम गरी जीविकोपार्जन गर्थे। साधारण जीवन बिताए पनि उनी चेतनशील र समाजप्रति उत्तरदायी व्यक्ति थिए। आन्दोलनकै दिन उनले आफ्नो फर्निचर पसल बन्द गरेर जुलुसमा सहभागी हुनु, उनको प्रतिबद्धताको ज्वलन्त उदाहरण हो।

रामविलासको शवलाई प्रहरीले नियन्त्रणमा लिन खोजेपछि आन्दोलनकारीहरूले अस्पताल घेरे। “सहिदको शव जनताको हो” भन्ने आवाज गुञ्जिन थाल्यो। उनका दाइले “भाइको शव म लैजान्छु” भन्दै प्रहरीसँग प्रतिवाद गरे, तर शवलाई लासगृहमा राखियो। उनले लासगृहमा आफ्नै ताला लगाएर प्रतिरोध जनाए। तर परिस्थिति फेरि हिंसात्मक बन्यो। प्रहरीले पुनः गोली चलायो र यही क्रममा जनकपुर-१५ रामपुर निवासी विद्यार्थी नेता राजकुमार झा गम्भीर घाइते भए।



सहिद रामविलास ठाकुर



सहिद राजकुमार झा

काँधमा नेपाली कांग्रेसको झण्डा बोकेर नारा लगाइरहेका झालाई लागेको गोली घाँटी छेड्दै पिठ्युँबाट निस्किएको थियो। गम्भीर घाइते अवस्थामा पनि उनी केही दूरी हिँडे र अन्ततः अचेत भए। उनलाई तत्काल जनकपुर अञ्चल अस्पतालमा भर्ना गरियो, जहाँ डा. लखनलाल साहको नेतृत्वमा उपचार सुरु भयो। अत्यधिक रक्तस्रावका कारण रगतको अभाव भएपछि उनका आफ्नै दाइले रगत उपलब्ध गराएर जीवन बचाउन महत्वपूर्ण भूमिका निर्वाह गरे। अवस्था गम्भीर भएकाले उनलाई काठमाडौंस्थित महाराजगञ्ज शिक्षण अस्पतालमा रिफर गरियो। त्यहाँ लामो उपचारपछि उनी बच्न सफल भए। करिब ५६ घण्टा अचेत अवस्थामा रहेका उनी होशमा फर्किएपछि “जिउँदो सहिद” का रूपमा चिनिए।

यसबीच लासगृहको ताला तोडेर प्रहरीले रामविलास ठाकुरको शव कब्जामा लियो र कडा सुरक्षाबीच एसपी कार्यालय पुर्‍यायो। चैत २६ गते राति १० बजे प्रहरीले रामविलासका दाजु हुलास ठाकुरलाई नियन्त्रणमा लिई शवसहित कमला नदी किनारतर्फ लग्यो। त्यहाँ दाउराको च्याङ्गमा राखेर उनका दाजुले दागबत्ती दिएर दाहसंस्कार गरे। आगो बल्दै छाडेर प्रहरी फर्कियो। विडम्बना, त्यही रात–चैत २६ को मध्यरातिमा–देशमा प्रजातन्त्र पुनःस्थापनाको घोषणा भयो।

घोषणापछि राजनीतिक कार्यकर्ताहरू अस्पताल पुगे, घाइतेहरूको अवस्थाबारे जानकारी लिए र आन्दोलनको उपलब्धिलाई जनतासँग साझा गरे। जनकपुरमा एकातिर विजय उत्सव मनाइयो, आमसभा भयो भने अर्कोतिर सहिदप्रति श्रद्धाञ्जलि अर्पण गरियो। साँझपख जानकी मन्दिर परिसरमा सहिदहरुको सम्मानमा दिप प्रज्जवलन गरेर श्रद्धाञ्जली अर्पण गरियो, जहाँ हजारौं जनताले सहिदको बलिदानप्रति सम्मान प्रकट गरे।

राजकुमार झा, पिता देवसुन्दर झा र माता शुभकला देवीका पुत्र, २०३२ सालमा जन्मिएका थिए। आर्थिक अभावका कारण उच्च शिक्षा पूरा गर्न नसके पनि उनी आन्दोलनमा अग्रपंक्तिमा रहे। जीवनको पछिल्लो चरणमा पनि उनी संघर्षमै रहे–राज्यबाट अपेक्षित सहयोग नपाएको गुनासोसहित। उनको जीवन आज पनि एउटा जीवित इतिहास हो, जसले स्वतन्त्रताको मूल्य सम्झाइरहन्छ।

यसरी २०४६ सालको जनआन्दोलनमा जनकपुरका सडकहरूमा बगेको रगत, देखिएको साहस र गरिएको बलिदानले नेपालको प्रजातान्त्रिक इतिहासमा अमिट छाप छोड्यो। रामविलास ठाकुरको बलिदान र राजकुमार झाको जीवित संघर्ष केवल इतिहासका पानामा सीमित घटना होइनन्; ती वर्तमान र भविष्यका लागि चेतावनी, प्रेरणा र मार्गदर्शन हुन्। लोकतन्त्र प्राप्तिको यो यात्रा सहिदहरूको रगतले लेखिएको हो, जसलाई सम्झनु मात्र होइन, त्यसको मूल्य जोगाउनु हाम्रो सामूहिक दायित्व हो।

सहिद रामविलास ठाकुरको बलिदान र जिउँदो सहिद राजकुमार झाको संघर्ष सधैं स्मरणीय रहनेछ–इतिहासमा मात्र होइन, जनताको चेतनामा, आत्मामा र लोकतन्त्रप्रतिको विश्वासमा।अस्तुः

# वैदेशिक रोजगारी ऐन संशोधनको प्रक्रिया सुरु




काठमाण्डु । सरकारले वैदेशिक रोजगारी ऐन संशोधनको प्रक्रिया सुरु गरेको छ ।वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारका क्षेत्रमा देखिएका समस्या समाधान तथा थप व्यवस्थापनका योजनासहित २०६४ को उक्त ऐन संशोधनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेस गरेको महानिर्देशक मीरा आचार्यले जानकारी दिनुभयो ।

विभागीय मन्त्रालयले सरोकार पक्षसँग समन्वय गरी मन्त्रिपरिषद्मा ऐन पेस गर्ने तथा त्यहाँ थप छलफल गरेर अनुमोदन गरिने छ । वैदेशिक रोजगारीमा हुने ठगी न्यूनीकरण, ठगिएका पीडितलाई न्याय, छिटोछरितो पारदर्शी सेवा, तत्काल क्षतिपूर्ति तथा परामर्श सेवा, श्रमिकमैत्री कानुनी व्यवस्था ऐनमा गरिएको छ ।

श्रम, स्वीकृतिसम्बन्धी सेवा लिन कानुनी प्रक्रिया पूरा गरेमा एक दिनभित्र सेवा प्रवाह गर्ने प्रबन्ध मिलाएको विभागले इजाजतपत्र नलिई वैदेशिक रोजगारसम्बन्धी कुनै पनि काम गरेका कम्पनी तथा समूहलाई कारबाही गर्ने जनाएको छ । ञश्रम, स्वीकृतिसम्बन्धी सेवा लिन कानुनी प्रक्रिया पूरा गरेमा एक दिनभित्र सेवा प्रवाह गर्ने प्रबन्ध मिलाएको विभागले इजाजतपत्र नलिई वैदेशिक रोजगारसम्बन्धी कुनै पनि काम गरेका कम्पनी तथा समूहलाई कारबाही गर्ने जनाएको छ ।

यसैबीच विभागले चालु आर्थिक वर्षको फागुन २० गतेसम्म पीडित परिवारलाई तीन करोड ३८ लाख ७९ हजार क्षतिपूर्ति उपलब्ध गराएको उल्लेख गरेको छ। विभागमा दर्ता भएका ३०८ वटा अभियोग लागेका विभिन्न कम्पनीका पीडित तथा पीडकलाई मिलापत्र गराई वैदेशिक रोजगारीका क्षेत्रमा ठगिएका पीडित परिवारलाई पीडकबाट सो रकम उपलब्ध गराइएको विभागकी महानिर्देशक आचार्यले जानकारी दिनुभयो । चालु आवको हालसम्म तीन हजार ६७२ उजुरी तथा जाहेरी प्राप्त भएको छ।

उहाँले वैदेशिक रोजगारीका क्षेत्रमा ठगी न्यूनीकरण गर्न प्रतिवादीको नाम, ठेगाना र विगो रकम सार्वजनिक गर्न सुरू गरिएको बताउनुभयो । विभागले यस क्षेत्रमा ठगी गर्ने कम्पनी तथा प्रतिवादी विवरण सार्वजनिक गर्ने उद्देश्यले मयाभानयखालउ वेवसाइट सञ्चालनमा ल्याएको जनाएको छ । विभागले यस क्षेत्रमा ठगी गर्ने कम्पनी तथा प्रतिवादीका दर्ता भएका मुद्दाको विवरण पनि सार्वजनिक गर्न थालेको छ ।रासस

# कर्णालीको विकासका लागि निजी क्षेत्रको सहयोग आवश्यक छः मुख्यमन्त्री कँडेल

कर्णाली । कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले प्रदेशको विकासका लागि निजी क्षेत्रको सक्रिय सहभागिता आवश्यक रहेको बताउनुभएको छ ।नेपाल उद्योग वाणिज्य महासङ्घ, कर्णाली प्रदेशको सोमबार सुर्खेत वीरेन्द्रनगरमा आयोजित नवौँ प्रदेशसभामा उहाँले कर्णालीमा प्रशस्त सम्भावना भए पनि अपेक्षित रूपमा निजी क्षेत्रको संलग्नता हुन नसकेको बताउनुभयो ।

मुख्यमन्त्री कँडेलले कर्णालीको कृषि, पर्यटन, जलस्रोत क्षेत्रलाई आधार बनाएर आर्थिक विकासको ढोका खोल्न सकिने तर्क गर्नुभयो । "यस प्रदेशमा आर्थिक समृद्धि सम्भव छ । यद्यपि, परम्परागत रूपमा तयारी वस्तु बेच्ने प्रवृत्तिबाट बाहिर निस्केर उत्पादनमुखी अर्थतन्त्रतर्फ अघि बढ्नुपर्ने आवश्यकता छ । त्यसका लागि सरकारले सहजीकरण गर्छ ।"

मुख्यमन्त्री कँडेलले लगानीकर्तालाई प्रोत्साहन, नीतिगत सुधार तथा आवश्यक पूर्वाधार विकासमा सरकार लागिपरेको बताउनुभयो ।

उहाँले सरकारी अनुदानको दुरुपयोग हुने प्रवृत्तिप्रति चिन्ता व्यक्त गर्दै अनुदान पाउँदा मात्र काम गर्ने र पछि छोड्ने गलत अभ्यास अन्त्य गर्नुपर्नेमा जोड दिनुभयो । मुख्यमन्त्री कँडेलल




अवसर धेरै छन्, तर ती अवसरलाई पहिचान गरेर लगानी गर्न सकिएको छैन", उहाँले भन्नुभयो, "निजी क्षेत्रले जोखिम लिन सके प्रदेशको विकास एक्लैले सम्भव नहुने भएकाले सबै क्षेत्रको सहकार्यबाट कर्णालीलाई समृद्ध बनाउन लाग्नुपर्ने बताउनुभयो ।रासस

# तटस्थ, निष्पक्ष र समन्वयकारी भूमिका निर्वाह गर्ने सभामुख अर्यालको प्रतिबद्धता



काठमाण्डु । प्रतिनिधिसभाका सभामुख डोलप्रसाद अर्यालले सत्ता्याका आधारमा कुनै भेदभाव नगरी आफूले सदनमा तटस्थ, निष्पक्ष र समन्वयकारी भूमिका निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

सभामुखमा निर्वाचित भएपछि सोमबार पहिलो बैठकको अध्यक्षता गर्दै सभामुख अर्यालले संसद्लाई निष्क्रियता नभई सक्रिय कार्यसम्पादनको थलो बनाउन तथा सदनलाई असल संवैधानिक अभ्यासबाट सुसञ्चालन गर्न सबैसँग सहयोगको अपेक्षा गर्नुभयो । सभामुख अर्यालले जनताले पाँच वर्षका लागि आफूहरुलाई निर्वाचित गरेको केवल अधिकार मात्र नभई सुशासन र आर्थिक विकासका लागि जिम्मेवारीको अवसर भएको बताउनुभयो ।

"जेनजी आन्दोलनको मर्मअनुसार देशमा सुशासन कायम र आर्थिक विकास होस् भनी जनताले हामीलाई विश्वाससहित जिम्मा लगाउनुभएको छ," सभामुख अर्यालले भन्नुभयो, "कुनै पनि बहानामा त्यो विश्वास गुम्न हामीले दिनु हुँदैन ।" निर्वाचनका क्रममा गरिएका वाचा र प्रतिबद्धतालाई मतदाता र जनप्रतिनिधिको राजनीतिक सम्झौता भएकाले समयबद्ध योजना बनाएर विधि निर्माण गर्न काममा लाग्न सभामुख अर्यालले आह्वान गर्नुभयो । उहाँले आफूलाई निर्विरोध निर्वाचित गर्ने सबै दललाई धन्यवाद पनि दिनुभयो ।रासस

# 'हलो क्रान्तिका अभियन्ता अधिकारीको योगदान महत्त्वपूर्ण छ'

गण्डकी । पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले हलो क्रान्तिका अभियन्ता श्रीकान्त अधिकारीले नेपालको शैक्षिक, सामाजिक र राजनीतिक क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनुभएको बताउनुभएको छ ।दूरद्रष्टा श्रीकान्त अधिकारी प्रतिष्ठानद्वारा सोमबार पोखराको अमरसिंद्ध नमूना मावि पचभैयामा आयोजित श्रीकान्त अधिकारी शतवार्षिकी विशेष 'गुणस्तरीय शिक्षा र विविध आयाम' विषयक अन्तरक्रियामा उहाँले अधिकारीले गर्नुभएको योगदान वर्तमान पुस्ताका लागि अनुकरणीय भएको बताउनुभयो । समाजमा व्यक्तिगत स्वार्थभन्दा



माथि उठेर काम गर्नुपर्छ भन्ने सोच भएका अधिकारीर्ी ब प ी कोइराला, कृष्णप्रसाद भट्टराई जस्ता राजनीतिक व्यक्तित्वसँग काम गरेका एक आदर्श प्रजातन्त्रवादी नेता, व्यवहारवादी समाज सुधारकका रूपमा रहनुभएको महानगरप्रमुख आचार्यको भनाइ थियो । पोखरालगायत विभिन्न क्षेत्रमा शैक्षिक संस्थाहरू स्थापनामा विशिष्ट योगदान गरेका अधिकारीले विद्यार्थीमा किताबी ज्ञानका साथसाथै राजनीतिक चेतना जगाउन पनि विशिष्ट योगदान गर्नुभएको उहाँको भनाइ छ।

अमरसिद्ध नमूना माध्यमिक विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर भुजेलले अमरसिंद्ध माविको स्थापनामा पनि महत्त्वपूर्ण योगदान गर्नुका साथै अधिकारीले यस क्षेत्रमा विभिन्न १२ वटा विद्यालय स्थापना गर्नुभएको जानकारी गराउनुभयो । प्रतिष्ठानका अध्यक्ष गायत्री अधिकारी, सदस्य शरणकुमार अर्याल, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष दीनानाथ ढकाल लगायतले बहुआयामिक क्षेत्रमा अधिकारीले पुऱ्याउनुभएको योगदान अतुलनीय रहेको उल्लेख गर्नुभयो ।रासस

## लुम्बिनी प्रदेशसभा बैठकः

# सरकारप्रति प्रश्न र सुझाव

लुम्बिनी । लुम्बिनी प्रदेशसभाको सोमबार बसेको बैठकमा प्रदेशसभा सदस्यहरूले समसामयिक राजनीति, सुशासन, विकास र सेवा प्रवाहका विषयमा प्रश्न र सुझाव प्रस्तुत गरेका छन् ।

प्रदेशसभाको सातौँ अधिवेशनअन्तर्गत सोमबार बसेको छैटौँ बैठकमा प्रदेशसभा सदस्य भोजप्रसाद श्रेष्ठले संविधान कार्यान्वयन, सुशासन र जनअपेक्षा पूरा गर्न प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो । उहाँले कृषिमा मल, बीउबिजन र राहत प्याकेज नआएकोप्रति प्रश्न उठाउँदै सरकारलाई स्पष्ट जवाफ दिन आग्रह गर्नुभयो ।प्रदेशसभा सदस्य वीरबहादुर रानाले सङ्घीयताको मर्मअनुसार काम हुन नसकेको




भन्दै प्रदेशलाई बलियो बनाउन स्वाभिमानमा आधारित शासन आवश्यक रहेको बताउनुभयो ।

प्रदेशसभा सदस्य अम्बिका काफ्लेले महिलामाथि हुने हिंसा अन्त्य हुन नसकेको भन्दै चिन्ता व्यक्त गर्नुभयो । अर्का प्रदेशसभा सदस्य चन्द्रकेश गुप्ताले बलात्कारका घटनामा वृद्धि भएको भन्दै कडा कानुनी व्यवस्था आवश्यक रहेको धारणा राख्नुभयो ।प्रदेशसभा सदस्य मीनाकुमारी श्रेष्ठले वार्षिक योजना कार्यान्वयनमा ढिलाइ हुँदा बजेट 'फ्रिज' हुने अवस्था आएको बताउनुभयो । प्रदेशसभा सदस्य भुवनेश्वर चौधरीले सबै पक्षले इमानदारीपूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो ।

प्रदेशसभा सदस्य भगवती अधिकारीले विज्ञापन नीतिले निजी सञ्चारमाध्यमलाई असर पार्न सक्ने जोखिम औँल्याउँदै यसबाट लोकतन्त्र कमजोर बन्न सक्ने चेतावनी दिनुभयो। बैठकमा उठेका प्रश्नहरूको जवाफ दिँदै भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले अधिकांश योजना कार्यान्वयनमा रहेको र छिट्टै सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो ।यसैबीच, वन तथा वातावरणमन्त्री देवकरणप्रसाद कलवारले बैठकमा 'प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक' सभामा पेस गर्नुभएको छ ।रासस

# आमसञ्चार विधेयक सर्वसम्मतिले पारित




विराटनगर । कोशी प्रदेशसभाको सोमबार बसेको बैठकमा 'कोशी प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित भएको छ ।

कोशी प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री इन्द्रमणि पराजुलीले सो विधेयक पारित गरियोस् भनी गर्नुभएको प्रस्तावमा सभामुख अम्बरबहादुर विष्टले निर्णयार्थ प्रस्तुत गर्दा सर्वसम्मतिले पारित भएको हो ।यस अघि न्याय प्रशासन तथा विधायन समितिका सभापति कमला दर्नालले 'कोशी प्रदेश आम सञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'सम्बन्धी समितिको प्रतिवेदन सभामा पेस गर्नुभएको थियो ।समितिको प्रतिवेदनसहितको विधेयकमाथि प्रदेशसभा नियमावली २०७४ को नियम १०७ को उपनियम(२) को खण्ड (क) बमोजिम छलफल गरियोस् भनी मन्त्री पराजुलीले गर्नुभएको प्रस्तावमा कुनै पनि सांसदले छलफलमा सहभागिता जनाएनन् ।

**विशेष समय**

विशेष समयमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) कोशी प्रदेशसभा संसदीय दलको तर्फबाट रेवतीरमण भण्डारीले सरकारले आगामी आर्थिक वर्षका लागि प्रस्तुत गर्ने बजेटको मिहीन ढङ्गले छलफल गर्नुपर्ने धारणा राख्नुभयो ।

उहाँले कोशी प्रदेशमा ३६ वटा हिमताल जोखिमयुक्त रहेकाले यसका निम्ति सरकारले योजनाबद्धरुपमा पूर्वतयारी गर्नुपर्ने बताउनुभयो । नदी तटीय क्षेत्रमा बसोबास गर्ने मानिसको जीवन प्रभावित हुन नदिन सरकार गम्भीर बन्नुपर्ने सुझाव उहाँले दिनुभयो । उहाँले सरकारले सञ्चालन गरेको योजनाहरु अधुरा हुन दिनतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाली कांग्रेस कोशी प्रदेशसभा संसदीय दलको तर्फबाट गोपाल तामाङले राष्ट्रिय आवास कम्पनीको नाममा पूर्वीनेपालको काँकरभिट्टामा रहेका बस्ती विकास कम्पनीले मनोमानी गरिरहेकाले खारेजको माग गर्नुभयो ।जनता समाजवादी पार्टी कोशी प्रदेशसभा संसदीय दलका नेता निर्मला लिम्बूले विकासको नाममा धार्मिक क्षेत्रको अतिक्रमण रोक्न सरकारको ध्यानाकर्षण गराउनुभयो । सभाको शून्य समय र विशेष समयमा कोशी प्रदेशसभाका सदस्यहरुले उठाउनुभएका पर्यटन, वन तथा वातावरण मन्त्रालयसँग सम्बन्धित प्रश्न तथा जिज्ञासाको जवाफ सो मन्त्रालयका मन्त्री भीम पराजुलीले दिनुभएको थियो ।

**शून्य समय**

शून्य समयमा कोशी प्रदेशसभा सदस्यहरु सपना दर्जी, गयानन्द मण्डल, सिर्जना राई, रामदेव यादव र कमला थापामगरले विविध पक्षमा सरकारको ध्यानाकर्षण गराउनुभएको थियो ।बैठकमा कोशी प्रदेश प्रमुख कार्यालय विराटनगरबाट कोशी प्रदेशसभाको आठौँ अधिवेशन आज राति १२ बजेदेखि अन्त्य हुने पत्र सभामुख विष्टले पढेर सुनाउनुभएको थियो ।रासस

# कार्यालय समय पालना भए/नभएबारे छड्के गर्न सतर्कता केन्द्रले खटायो टोली




काठमाण्डु । राष्ट्रिय सतर्कता केन्द्रले सरकारको शासकीय सुधारसम्बन्धी योजनाअनुसार सार्वजनिक सेवा प्रवाह भए/नभएकाबारे छड्के गर्न राजधानीबाहिर टोली खटाएको छ । सोमबारदेखि लागू भएको परिमार्जित कार्यालय समयको परिपालना र सेवा प्रवाहलाई चुस्त तुल्याउने उद्देश्यका साथ केन्द्रले काठमाडौँ उपत्यकाबाहिर नौ जिल्लामा टोली खटाएको प्रवक्ता नारायणप्रसाद भट्टले राससलाई जानकारी दिनुभयो ।

"आयोजनाको गतिविधि र सेवा प्रवाहमा निगरानी तथा छड्के गर्ने गरी सोमबारैदेखि उपत्यकाबाहिर पनि केन्द्रका टोली खटिएका छन्," उहाँले भन्नुभयो, "केन्द्रमा प्राप्त उजुरी तथा गुनासो सम्बोधन गर्ने काम पनि तीव्र गतिमा भइरहेका छन् ।" पछिल्लो समय दैनिक सेवा प्रवाहसँग जोडेर आएका गुनासा सम्बोधन गर्न केन्द्र सक्रिय र गतिशीलताका साथ लागिरहेको छ।

नेपाल सरकारले आजदेखि लागू हुनेगरी कार्यालय समय बिहान ९:०० देखि साँझ ५:०० बजेसम्म बनाएको छ । "सरकारको निर्णयलाई मध्यनजर गरेर सो अवधिमा समय पालना भए/नभएको, कर्मचारीले तोकिएको कार्यकक्षमा बसेर कार्यसम्पादन गरे/नगरेको, सेवाग्राहीका काम समयमासम्बोधनभए/नभएकाबारे अनुगमन भइरहेको छ," केन्द्रका सहसचिव भट्टले भन्नुभयो । कहीँकतै ढिलासुस्ती भए/नभएका बारे केन्द्रले 'फाइल ट्र्याकिङ' समेत गरिरहेको छ ।

त्यस क्रममा भ्रष्टाचार र गलत कार्य भएको पाइएमा तत्काल सुधारका लागि निर्देशन दिने र भ्रष्टाचारसम्बन्धी काम भएको भेटिए अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई लेखी पठाउने काम भइरहेको उहाँले जानकारी दिनुभयो ।सुशासन प्रवर्द्धन, भ्रष्टाचार नियन्त्रण, सार्वजनिक सेवा प्रवाहलाई सरलीकरण र सहजीकरण गर्ने वर्तमान सरकारको गति र उद्देश्यअनुसार आफ्नो सम्पूर्ण साधनस्रोत र जनशक्ति परिचालित गरिएको केन्द्रले जनाएको छ ।

"दैनिक रुपमा उपत्यकामा परिचालन गरेका छौँ । विभिन्न कार्यालय, मन्त्रालय, विभाग, सरकारी-सार्वजनिक निकायहरुमा अनुमगन, छड्के र निगरानी गर्ने, समय पालना भए/नभएको, फाइल अड्केको, सेवा प्रवाहमा कहीँकसैले व्यवधान भोगेको छ कि, त्यसमा सहजीकरण र कारबाहीका लागि फिल्डबाटै लेखेर दिने दैनिक रुपमा चलिरहेको छ", प्रवक्ता भट्टले भन्नुभयो ।रासस

# राष्ट्रियसभाका उपाध्यक्ष भण्डारीको राजनीतिक यात्रा



काठमाण्डु । राष्ट्रियसभाको नवनिर्वाचित उपाध्यक्ष लीलाकुमारी भण्डारी सुदूरपश्चिम प्रदेशबाट उक्त पदमा पुग्ने पहिलो महिला हुनुहुन्छ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का तर्फबाट राष्ट्रियसभा सदस्य हुनुभएका भण्डारी सभाको सोमबारको बैठकमा निर्विरोध रुपमा उपाध्यक्ष पदमा निर्वाचित हुनुभएको हो। उक्त पदमा एक मात्र उम्मेदवारी परेकाले उहाँलाई सभाका अध्यक्ष नारायणप्रसाद दाहालले निर्विरोध विजयी घोषणा गर्नुभएको हो। उहाँ गत माघ ११ गते सदस्यमा निर्वाचित हुनुभएको थियो। उपाध्यक्ष भण्डारीको राजनीतिक यात्रा २०४७ सालदेखि सुरु भएको हो।

तत्कालीन प्रधानमन्त्री डा बाबुराम भट्टराई नेतृत्वको सरकारमा छ महिना शिक्षा, विज्ञान तथा प्रविधि राज्यमन्त्री बन्नुभएका भण्डारी गेटा मेडिकल कलेज सञ्चालनको पहलकर्ताका साथै मुक्त कमलरीको अवस्था सुधारमा भूमिका निर्वाह गर्नुभएको थियो।

कैलालीको फूलबारीस्थित चन्द्रोदय माध्यमिक विद्यालयमा अध्ययन गर्दादेखि राजनीतिमा चासो राख्नुभएकी उपाध्यक्ष भण्डारीले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु)मा सक्रिय भएर विद्यार्थीको सवालमा काम गर्नुभएको थियो। तत्कालीन नेकपा (माओवादी केन्द्र) बाट एमालेमा प्रवेश गर्नुभएका उहाँले एमालेको १०औँ र ११औँ महाधिवेशनबाट निर्वाचित हुँदै पोलिटब्यूरो सदस्य र कैलाली जिल्ला संयोजकको जिम्मेवारी निर्वाह गरिसक्नुभएको छ ।रासस

# ड्रोन प्रकरणमा सियोलको स्वीकारोक्ति

एएफपी

सियोल । दक्षिण कोरियाले यस वर्षको सुरुमा उत्तर कोरियातर्फ पठाइएका ड्रोनसम्बन्धी विवादमा पहिलोपटक स्पष्ट स्वीकारोक्ति गर्दै प्योङ्याङप्रति खेद व्यक्त गरेको छ। राष्ट्रपति ली जे म्युङले सोमबार उक्त घटनालाई 'गैरजिम्मेवारपूर्ण' र 'लापरवाह' कदमका रूपमा वर्णन गर्दै यसले अनावश्यक सैन्य तनाव बढाएको बताउनुभयो ।



सुरुमा सियोलले जनवरीमा भएको ड्रोन घटनामा आफ्नो कुनै आधिकारिक संलग्नता नरहेको दाबी गरेको थियो र यसलाई निजी व्यक्तिको कार्य हुन सक्ने सङ्केत दिएको थियो। तर पछिल्लो अनुसन्धानले सरकारी निकायसँग सम्बन्धित व्यक्तिहरूको संलग्नता पुष्टि गरेको राष्ट्रपति लीले मन्त्रिपरिषद् बैठकमा जानकारी दिनुभयो ।

उहाँका अनुसार राष्ट्रिय गुप्तचर सेवाका एक अधिकारी र एक सक्रिय सैनिक यस घटनामा संलग्न रहेको प्रमाणित भएको छ ।उक्त घटनापछि उत्तर कोरियाले कडा प्रतिक्रिया जनाउँदै फेब्रुअरीमा यस्ता ड्रोन फेरि आफ्नो क्षेत्रमा प्रवेश गरे 'भयानक परिणाम' आउने चेतावनी दिएको थियो । प्योङ्याङले जनवरीको सुरुमै 'निगरानी उपकरण' बोकेको ड्रोन खसालेको दाबी गर्दै त्यसका भग्नावशेषका तस्बिरहरू सार्वजनिक गरेको थियो, जसमा क्यामेरा जडान भएको देखिएको थियो ।

> राष्ट्रपति लीले केही व्यक्तिको लापरवाह निर्णयका कारण उत्पन्न तनावप्रति उत्तर कोरियासँग खेद प्रकट गर्दै यस्ता गतिविधि अत्यन्त सावधानीपूर्वक मात्रै सञ्चालन हुनुपर्ने बताउनुभयो।

राष्ट्रपति लीले केही व्यक्तिको लापरवाह निर्णयका कारण उत्पन्न तनावप्रति उत्तर कोरियासँग खेद प्रकट गर्दै यस्ता गतिविधि अत्यन्त सावधानीपूर्वक मात्रै सञ्चालन हुनुपर्ने बताउनुभयो। उहाँले दक्षिण कोरियाको संविधानले निजी व्यक्तिलाई उत्तर कोरियालाई उक्साउन सक्ने कार्य गर्न निषेध गरेको स्मरण गराउँदै राष्ट्रिय सुरक्षासम्बन्धी कुनै पनि कदम जिम्मेवार ढङ्गले चालिनुपर्ने धारणा राख्नुभयो ।

गत वर्षदेखि पद सम्हालेका लीले उत्तर कोरियासँग सम्बन्ध सुधार गर्ने प्रयास गरिरहनुभएको छ । उहाँले आफ्नो पूर्ववर्ती प्रशासनको आलोचना गर्दै प्योङ्याङतर्फ प्रचार सामग्री पठाउने जस्ता गतिविधिले तनाव बढाएको बताउँदै आउनुभएको छ । यद्यपि, उहाँका कूटनीतिक प्रस्तावहरूमा उत्तर कोरियाबाट सकारात्मक प्रतिक्रिया आएको छैन ।

पूर्वराष्ट्रपति युन सुक येओलविरुद्ध भने गम्भीर आरोपहरू लागेका छन् । उहाँमाथि उत्तर कोरियातर्फ ड्रोन पठाएर जानाजानी तनाव सिर्जना गरेको र त्यसलाई सैन्य शासन घोषणा गर्ने बहानाका रूपमा प्रयोग गर्न खोजेको अभियोगमा मुद्दा चलिरहेको छ । गत वर्ष अप्रिलमा महाभियोगपछि पदबाट हटाइएका युनलाई मार्सल ल घोषणा गरेको आरोपमा आजीवन कारावासको सजाय सुनाइएको छ ।

यसैबीच, उत्तर कोरियाली नेता किम जोङ उनले मार्चमा दिएको नीतिगत सम्बोधनमा दक्षिण कोरियालाई 'सबैभन्दा शत्रुतापूर्ण राज्य' भन्दै पूर्ण रूपमा अस्वीकार गर्ने घोषणा गर्नुभएको थियो । उहाँले देशको आणविक कार्यक्रमलाई 'अपरिवर्तनीय मार्ग' भन्दै त्यसलाई निरन्तर अघि बढाउने प्रतिबद्धता पनि दोहोऱ्याउनुभयो ।

दुवै कोरियाबीचको सम्बन्ध लामो समयदेखि तनावपूर्ण रहँदै आएको छ । सन् १९५०-५३ को युद्ध शान्ति सन्धिबिना केवल युद्धविराममा समाप्त भएकाले दुवै देश प्राविधिक रूपमा अझै युद्धकै अवस्थामा छन् । त्यसैले दुवै देशमा अनिवार्य सैन्य सेवा लागू रहनुका साथै सानो घटनाले पनि ठूलो द्वन्द्व निम्त्याउने जोखिम कायमै रहेको देखिन्छ ।

# चन्द्र परिक्रमा उडानमा ऐतिहासिक मोड

एएफपी

हस्टन । नासाको आर्टेमिस अभियानअन्तर्गत अन्तरिक्ष यात्रीहरूको टोली आइतबार चन्द्रमाको वरिपरि 'स्लिङ्गशट' मार्गमा प्रवेश गर्दै एक महत्त्वपूर्ण चरणमा पुगेको छ, जसले भविष्यका चन्द्र अवतरण मिसनका लागि नयाँ ढोका खोल्ने अपेक्षा गरिएको छ। आधा शताब्दीभन्दा बढीपछि मानवयुक्त चन्द्र परिक्रमा उडान पुनः सुरु भएको यो क्षणले वैज्ञानिक तथा ऐतिहासिक दुवै दृष्टिले विशेष अर्थ राखेको छ ।



ओरियन क्याप्सुलमा सवार तीन अमेरिकी र एक क्यानाडाली अन्तरिक्ष यात्री चन्द्रमाको गुरुत्वाकर्षणको प्रभावमा आफ्नो मार्ग परिवर्तन गर्दै पृथ्वीबाट अहिलेसम्मको सबैभन्दा टाढाको दूरीतर्फ अघि बढिरहेका छन् । यो उडानले केवल दूरीको रेकर्ड मात्र होइन, विविधताको नयाँ इतिहास पनि रचेको छ । भिक्टर ग्लोभर चन्द्र परिक्रमा गर्ने पहिलो रङको व्यक्ति बन्ने क्रममा हुनुहुन्छ भने क्रिस्टिना कोच पहिलो महिला बन्ने निश्चित भएको छ । त्यसैगरी, जेरेमी ह्यानसेन चन्द्र परिक्रमा गर्ने पहिलो गैर-अमेरिकीको रूपमा इतिहासमा अङ्कित हुनुहुनेछ। मिशन कमान्डर रिड वाइसम्यानको नेतृत्वमा टोलीले चन्द्रमाको अध्ययनलाई प्राथमिकतामा राखेको छ ।

चन्द्रमाको टाढाको भागमा पुग्दै गर्दा अन्तरिक्ष यात्रीहरूले मानव आँखाले कहिल्यै प्रत्यक्ष नदेखेका दृश्यहरू अवलोकन गर्न थालेका छन् । आइतबार नासाले सार्वजनिक गरेको तस्बिरमा ओरियन्टल बेसिन स्पष्ट देखिएको छ, जुन विशाल क्रेटरलाई कहिलेकाहीँ 'चन्द्रमाको ग्रान्ड क्यानियन' पनि भनिन्छ। यसअघि यस्ता दृश्य केवल स्वचालित क्यामेराबाट मात्र कैद भएका थिए । अन्तरिक्षबाट क्यानाडाली बालबालिकासँगको संवादमा कोचले उक्त बेसिन प्रत्यक्ष देख्न पाउँदा टोली अत्यन्त उत्साहित भएको बताउनुभयो ।

उडानको अन्तिम चरणातिर अन्तरिक्ष यात्रीहरूले दुर्लभ खगोलीय दृश्य–सूर्यग्रहण–अवलोकन गर्ने अवसर पनि पाउनेछन्, जहाँ सूर्य चन्द्रमाको पछाडि लुकेको अवस्थामा यसको बाहिरी तह 'कोरोना' स्पष्ट देख्न सकिनेछ। यससँगै उनीहरूले 'ओरियन क्रु सर्भाइवल सिस्टम' (ओसिएसएस) स्पेससुटको परीक्षण पनि गरिरहेका छन्, जसले आपतकालीन अवस्थामा छ दिनसम्म जीवन धान्न सक्ने हावा उपलब्ध गराउन सक्छ ।

यो मिशनले चन्द्रमामा अवतरण नगरे पनि चन्द्र परिक्रमा क्रममा पृथ्वीबाट सबैभन्दा टाढा पुग्ने नयाँ कीर्तिमान कायम गर्ने अपेक्षा गरिएको छ । नासाका प्रशासक जारेड आइज्याकम्यानका अनुसार यस अभियानबाट सङ्कलित तथ्याङ्क आगामी आर्टेमिस-३ (२०२७) र आर्टेमिस-४ (२०२८) जस्ता चन्द्र अवतरण मिसनका लागि अत्यन्त महत्त्वपूर्ण हुनेछन् ।

हालसम्म अन्तरिक्ष यात्रीहरूले म्यानुअल पाइलटिङ अभ्यास सम्पन्न गर्नुका साथै चन्द्र सतहका विभिन्न भू-आकृतिको अध्ययन, तस्बिर सङ्कलन र उडान योजनाको समीक्षा गरिसकेका छन् । नासाले विशेषगरी अन्तरिक्ष यानको जीवन समर्थन प्रणाली र समग्र इकोसिस्टमको कार्यक्षमतामा ध्यान केन्द्रित गरिएको जनाएको छ । यो पहिलो पटक भएकोले अन्तरिक्ष यात्रीहरूले यस यानबाट प्राप्त हुने प्रत्येक तथ्याङ्कलाई उच्च प्राथमिकताका साथ सङ्कलन गरिरहेका छन् ।

# युद्धको घेरामा मध्यपूर्व, विश्व चिन्तामा

एएफपी

पेरिस । मध्यपूर्वमा जारी द्वन्द्व तीव्र बन्दै जाँदा इरान, इजरायल, अमेरिका र क्षेत्रीय शक्तिहरूबीचको तनाव खतरनाक मोडमा पुगेको छ । पछिल्ला घटनाक्रमहरूले युद्ध अझ फैलिने सङ्केत देखाएका छन् भने मानव क्षति, ऊर्जा सङ्कट र कूटनीतिक टकराव एकैसाथ बढिरहेका छन् ।



इजरायलको उत्तरी सहर हाइफामा इरानले गरेको क्षेप्यास्त्र आक्रमणमा कम्तीमा दुई जनाको मृत्यु भएको छ । सात तले आवासीय भवनमा सीधा प्रहार हुँदा भवन आंशिक रूपमा ढलेको र भग्नावशेषमा हराइरहेका अन्य दुई जनाको खोजी भइरहेको इजरायली अग्नि तथा उद्धार सेवाले जनाएको छ । यस आक्रमणसँगै इजरायलले पनि इरानको राजधानी तेहरानमा ' शासन लक्षित' आक्रमणको शृंखला सञ्चालन गरेको पुष्टि गरेको छ । इरानी सञ्चारमाध्यमहरूले तेहरानका विभिन्न आवासीय क्षेत्रमा विस्फोट भएको र केही स्थानमा ग्यास आपूर्ति अवरुद्ध भएको बताएका छन् ।

यसैबीच, इरानले नागरिक संरचनामाथि आक्रमण दोहोरिए अझ 'विनाशकारी' जवाफी कारबाही गर्ने चेतावनी दिएको छ । खातम अल-अन्बिया केन्द्रीय मुख्यालयका प्रवक्ताले आगामी चरण अझ व्यापक हुने सङ्केत दिएका छन् । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भने इरानले स्ट्रेट अफ होर्मुज पुनः सञ्चालन नगरे नागरिक पूर्वाधारमाथि कडा आक्रमण गर्ने चेतावनी दोहोऱ्याउँदै समयसीमा २४ घण्टा थप गर्नुभएको छ । उहाँले सामाजिक सञ्जालमार्फत पुल र विद्युत् संरचनामाथि आक्रमण गर्ने धम्की दिनुभयो भने इरानका संसदीय नेतृत्वले यस्तो कदमले सम्पूर्ण क्षेत्र जल्न सक्ने प्रतिक्रिया दिएको छ ।

द्वन्द्व क्षेत्र विस्तार हुँदै खाडी मुलुकहरूसम्म पुगेको छ । कुवेत र संयुक्त अरब इमिरेट्सले आफ्नो हवाई सुरक्षाले मिसाइल र ड्रोन आक्रमणहरू विफल पारिरहेको बताएका छन् । यसैबीच, इरान समर्थित लेबनानी समूह हिजबुल्लाहले उत्तरी इजरायलतर्फ रकेट प्रहार पुनः सुरु गरेपछि लेबनान पनि युद्धमा गहिरिँदै गएको छ ।

लेबनानमा इजरायली आक्रमणले ठूलो मानवीय क्षति पुऱ्याएको छ । आइतबार मात्र कम्तीमा १५ जनाको मृत्यु भएको र दर्जनौं घाइते भएका छन् । बेरुतमा पाँच जनाको ज्यान गएको, पूर्वी क्षेत्रमा रहेको ऐन सादेहमा तीन जनाको मृत्यु भएको तथा दक्षिणी सहर कफर हट्टामा चार वर्षीया बालिकासहित सात जनाको ज्यान गएको लेबनानी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

युद्धको प्रभाव ऊर्जा बजारमा पनि स्पष्ट देखिएको छ । विश्वव्यापी आपूर्ति जोखिमका कारण कच्चा तेलको मूल्य उल्लेख्य रूपमा बढेको छ । नर्थ सी ब्रेन्ट र अमेरिकी वेस्ट टेक्सास इन्टरमिडियेट दुवैको मूल्य १० प्रतिशतभन्दा माथि उक्लिएको छ, जसले विश्व अर्थतन्त्रमा थप दबाब सिर्जना गर्ने सङ्केत गरेको छ । यस्तै, ओपेक प्लसले मे महिनादेखि दैनिक दुई लाख छ हजार ब्यारेल उत्पादन वृद्धि गर्ने निर्णय गरे पनि हालैका आक्रमणले क्षतिग्रस्त ऊर्जा संरचना मर्मत गर्न समय लाग्ने चेतावनी दिएको छ ।

सैन्य मोर्चामा अमेरिका पनि प्रत्यक्ष रूपमा सक्रिय देखिएको छ । खसालिएको एफ-१५ लडाकू विमानका एक एयरम्यानलाई 'साहसी' उद्धार अभियानमार्फत जिवितै फेला पारिएको अमेरिकी पक्षले जनाएको छ। उक्त अभियानमा दर्जनौं अमेरिकी विमान संलग्न भएको र एयरम्यान गम्भीर घाइते रहेको बताइएको छ । तर इरानले भने अमेरिकी कारबाही पूर्ण रूपमा असफल भएको दाबी गरेको छ । अमेरिकी विशेष बलहरू इरानी भूमिमा गहिरो प्रवेश गरेको र उद्धारका क्रममा प्रयोग गरिएका दुई विमान नष्ट गर्नुपरेको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।यसै क्रममा दक्षिणपश्चिमी इरानस्थित कासिम सुलेमानी अन्तर्राष्ट्रिय विमानस्थलमा अमेरिका-इजरायलले संयुक्त हवाई आक्रमण गरेको इरानी सरकारी सञ्चारमाध्यमहरूले उल्लेख गरेका छन् ।

धार्मिक र मानवीय पक्षमा पनि तनाव बढेको छ । पोप लियो चौधौँले आफ्नो पहिलो इस्टर सन्देशमार्फत युद्ध विस्तार गर्न सक्ने शक्तिहरूलाई शान्तिको बाटो रोज्न आग्रह गर्नुभएको छ । उहाँले हिंसाप्रति बढ्दो उदासीनताप्रति चिन्ता व्यक्त गर्दै हजारौँ मानिसको मृत्युमा विश्व समुदाय संवेदनशील हुनुपर्ने बताउनुभयो । यता, इस्टरका अवसरमा इजरायली सुरक्षा बलले पूर्वी जेरुसेलमस्थित पवित्र सेपुल्चर चर्चमा प्रवेशमा प्रतिबन्ध लगाएपछि धार्मिक गतिविधि समेत प्रभावित भएका छन् ।

# नाइजेरियाली सेनाद्वारा अपहरण गरिएका ३१ जनालाई उद्धार, ५ जनाको मृत्यु

एएफपी

लागोस । नाइजेरियाको सैनिक बलले कादुना राज्यको उत्तरपश्चिमी क्षेत्रमा ईस्टर पर्वको अवसरमा अपहरण गरिएका ३१ जनालाई उद्धार गरेको घोषणा गरेको छ। तर, यस घटनामा कम्तीमा पाँच व्यक्तिको मृत्यु भएको छ ।

क्यालेब बावा माआजी अनुसार, स्थानीय क्याथोलिक र इभान्जेलिकल चर्चहरूमा आक्रमण भएको थियो । अपहरणको घटना अबुजाबाट करिब १०० किलोमिटर उत्तरमा रहेको अरिको गाउँमा घट्यो । यसअघि पुलिस प्रमुखले ईस्टर पर्वको अवसरमा पूजा स्थलहरूमा ' व्यापक सुरक्षा व्यवस्था' गर्न आदेश दिनुभएको थियो ।

सैनिक बलका अनुसार, "द्रुत प्रतिक्रिया मार्फत आतङ्ककारी आक्रमण असफल पार्दै ३१ जनालाई उद्धार गरिएको" हो । सैनिकहरूले आक्रमणकारीसँग गोलीबारी गरेको र त्यसपछि अपहरणकर्ताहरूले होस्टेज छोड्न बाध्य भएको जनाएको छ । घटनामा कम्तीमा पाँच जनाको मृत्यु भएको छ, तर माआजी अनुसार सात जनाको मृत्यु भएको थियो ।

जनवरीमा कादुनामा तीन चर्चमा सामूहिक अपहरण हुँदा १७० भन्दा बढी व्यक्तिहरू अपहरणमा परेका थिए । तीमध्ये ८० जना भाग्न सफल भए र बाँकीको तीन हप्तापछि वार्ता पश्चात रिहाइ भएको थियो ।

कादुना उत्तरपश्चिमी र मध्य नाइजेरियाका केही राज्यहरूमा वर्षौंदेखि अपराधी गिरोह (ब्यान्डिट्स) ले समुदायहरूमा आक्रमण गरी अपहरण गर्ने गतिविधि जारी छ । यद्यपि यी ब्यान्डिटहरू प्रायः आर्थिक लाभका लागि हिंसा गर्छन्, उनीहरू पूर्वोत्तरका जिहादी समूहहरूसँग पनि सहकार्य गर्दै आएका छन् । सैनिकले प्रयोग गरेको 'आतङ्ककारी' शब्द जिहादी वा ब्यान्डिटलाई जनाउँछ कि भन्ने स्पष्ट छैन ।

यसैबीच, नाइजेरियाली सेना जाम्फारा राज्यमा ६५ ब्यान्डिट मारिएको रिपोर्ट पनि सार्वजनिक भएको छ ।

# इजरायलमा इरानको मिसाइल आक्रमण जारी



एएफपी

हाइफा । इजरायली फायर फाइटरहरूले उत्तरी शहर हाइफामा एक आवासीय भवनमा मिसाइल प्रहारपछि दुई हराइरहेका व्यक्तिको खोजी गरिरहेका छन् । यस आक्रमणमा अन्य दुईको मृत्यु भएको छ ।

सात तलाको भवनमा मिसाइलको सिधा प्रहारले भवनको केही भाग भत्काएको छ । सेनाले भने अनुसार उद्धारकर्ताहरूले भग्नावशेष र ठूला काँक्रिट ब्लकहरू बीच खोजी गरिरहेका छन् ।

इजरायली गृह मोर्चा कमाण्डका प्रमुख एलाड एड्रीका अनुसार चार व्यक्ति हराइरहेका छन् । "हामीसँग ठूलो विनाश भएको क्षेत्र छ," उहाँले भिडियो वक्तव्यमा भन्नुभयो । इजरायलको फायर र उद्धार सेवाले चारमध्ये दुई जनालाई मृत फेला परेको जानकारी दिएको छ ।

सैन्य प्रवक्ताले एएफपीलाई भने अनुसार भवनमा मिसाइलको 'सिधा प्रहार' भएको थियो र यो मिसाइल इरानबाट प्रहार गरिएको पुष्टि भयो ।

### वृद्ध र बच्चा घाइते

इजरायली आपतकालीन सेवा मागेन डेविड आदोमका अनुसार चार जना घाइते भएका छन्, जसमा १० महिनाको बच्चा समावेश छ, जसको टाउकोमा चोट लागेको छ । ८२ वर्षका वृद्ध पुरुष गम्भीर अवस्थामा थिए, तर पछि अस्पतालले उहाँको अवस्था स्थिर रहेको जनाएको छ । वृद्ध पुरुष 'भारी वस्तु र विस्फोटबाट घाइते' भएको बताइएको छ । अन्य तीन जनाले टुक्रा र विस्फोटबाट चोट पाएका छन् ।

घटनास्थलमा दर्जनौं सुरक्षा र उद्धार टोली परिचालित थिए । एमडीएका कर्मचारीले स्थानीय बासिन्दाबाट पाइएको जानकारी अनुसार केही व्यक्ति भग्नावशेषमा फसेका थिए । उद्धारकर्ताहरूले ठूला काँक्रिटका टुक्रा हटाएर वृद्ध पुरुषलाई सुरक्षित निकाल्न सफल भएका थिए ।

### मिसाइल आक्रमण जारी

सोमबार इजरायली सेनाले इरानबाट नयाँ मिसाइल प्रहार भएको पत्ता लगाएको छ । प्रत्येक प्रहारमा इजरायली रक्षात्मक प्रणालीहरूले खतरा रोक्ने कार्य गरिरहेका छन् ।

फेब्रुअरी २८ देखि इरानले दैनिक मिसाइल प्रहार गर्दै आएको छ ।

# युद्धबीच ४५ दिने विराम प्रस्ताव

एपी

वासिङ्टन । इरान र संयुक्त राज्य अमेरिकाबीच तीव्र बन्दै गएको युद्धका बीच ४५ दिनको युद्धविराम र स्ट्रेट अफ होर्मुज पुनः खोल्ने प्रस्ताव अघि सारिएको छ, जसले जारी द्वन्द्वलाई अस्थायी रूपमा रोक्ने सम्भावना देखाएको छ । मध्यपूर्वका दुई अधिकारीका अनुसार इजिप्ट, पाकिस्तान र टर्कीका मध्यस्थकर्ताहरूले तयार पारेको उक्त मस्यौदा प्रस्ताव दुवै पक्षलाई पठाइएको छ, तर अहिलेसम्म कुनै औपचारिक प्रतिक्रिया आएको छैन ।



उक्त प्रस्तावले ४५ दिनको समयावधिमा विस्तृत वार्ता गरी स्थायी युद्धविराममा पुग्ने वातावरण तयार गर्ने लक्ष्य राखेको छ । यो प्रस्ताव इरानी विदेशमन्त्री अब्बास अराघची र अमेरिकी मध्यपूर्व दूत स्टिव विटकफलाई पठाइएको बताइएको छ । यद्यपि, दुवै पक्षबीचको अविश्वास र कडा अडानका कारण सहमति हुने नहुने अझै अनिश्चित देखिएको छ । इरानले आर्थिक क्षतिपूर्ति र पुनः आक्रमण नगर्ने ग्यारेन्टी बिना युद्ध रोक्न अस्वीकार गर्दै आएको छ भने अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले आफ्नो समयसीमाभित्र होर्मुज जलडमरूमध्य पुनः नखोले कडा पूर्वाधार आक्रमण गर्ने चेतावनी दिनुभएको छ ।

यसैबीच, युद्धको मैदानमा हिंसा थप चर्किएको छ । आइतबारदेखि सोमबारसम्म इरानका विभिन्न सहरमा भएका आक्रमणमा २५ जनाभन्दा बढीको मृत्यु भएको छ । तेहरान नजिकैको एस्लामसार क्षेत्रमा भएको हवाई आक्रमणमा मात्र कम्तीमा १५ जनाको ज्यान गएको अधिकारीहरूले जनाएका छन् । तेहरानस्थित सरिफ युनिभर्सिटी अफ टेक्नोलोजीमा समेत आक्रमण भएको बताइएको छ, जसका कारण विश्वविद्यालयका अनलाइन सेवाहरू पूर्ण रूपमा अवरुद्ध भएका छन् र विद्यार्थीहरू क्याम्पस छोड्न बाध्य भएका छन् ।

सैन्य पक्षमा इरानले ठूलो क्षति बेहोरेको छ । इरानी अर्धसैनिक रिभोलुसनरी गार्डका गुप्तचर प्रमुख मेजर जनरल माजिद खादेमी लक्षित आक्रमणमा मारिएको इरानी राज्य मिडियाले जनाएको छ। इजरायलले पनि उक्त कारबाहीको पुष्टि गर्दै गार्डका शीर्ष नेतृत्वलाई क्रमशः निशाना बनाइरहेको जनाएको छ । यसअघि पनि गार्डका अन्य वरिष्ठ अधिकारीहरू मारिएका थिए । इजरायलले इरानका स्टिल र पेट्रोकेमिकल उद्योगमा समेत गम्भीर क्षति पुऱ्याएको दाबी गरेको छ।

युद्ध क्षेत्र विस्तार हुँदै खाडी मुलुकसम्म पुगेको छ । संयुक्त अरब इमिरेट्सको फुजैराहमा इरानी ड्रोन आक्रमणले दूरसञ्चार भवनमा क्षति पुऱ्याएको छ भने अबु धाबीमा मिसाइल अवरोधका क्रममा एक व्यक्ति घाइते भएका छन् । इजरायलतर्फ पनि लगातार क्षेप्यास्त्र प्रहार भइरहेको छ । हाइफा र मध्य इजरायलका विभिन्न सहरहरूमा प्रहार हुँदा आवासीय भवनहरूमा क्षति पुगेको, केही घाइते भएको र आगलागी भएको रिपोर्ट आएको छ । यसअघि हाइफामा भएको आक्रमणमा दुई जनाको मृत्यु भइसकेको छ भने दुई जना अझै बेपत्ता छन् ।

युद्धको प्रभाव विश्वव्यापी रूपमा फैलिँदै गएको छ । फेब्रुअरी २८ मा सुरु भएको यस द्वन्द्वले हजारौँको ज्यान लिइसकेको छ, अन्तर्राष्ट्रिय बजार अस्थिर बनाएको छ र प्रमुख ऊर्जा आपूर्ति मार्गहरू अवरुद्ध पारेको छ । विशेषगरी होर्मुज जलडमरूमध्य बन्द हुँदा विश्वको करिब २० प्रतिशत तेल तथा ग्यास आपूर्ति प्रभावित भएको छ ।

यसै सन्दर्भमा विभिन्न देशहरूले वैकल्पिक ऊर्जा आपूर्ति सुनिश्चित गर्न प्रयास तीव्र बनाएका छन् । दक्षिण कोरियाले साउदी अरेबियाको यानबु बन्दरगाहतर्फ नयाँ तेल ढुवानी मार्ग खोल्न जहाजहरू पठाउने योजना बनाएको छ भने कूटनीतिक पहल पनि बढाएको छ । यु द्ध ले मानव अधिकारको प्रश्न पनि उठाएको छ । इरानले जनवरीमा भएको विरोध प्रदर्शनसँग सम्बन्धित एक व्यक्तिलाई मृत्युदण्ड दिएको छ, जसलाई अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूले गम्भीर रूपमा आलोचना गरेका छन् ।समग्रमा, युद्धका बीच आएको ४५ दिने युद्धविराम प्रस्तावले तनाव कम गर्ने सम्भावना देखाए पनि दुवै पक्षको कडा अडान र निरन्तर बढ्दो हिंसाले तत्काल समाधानको सम्भावना अझै अनिश्चित देखिएको छ ।

# कृषि कर्म अरुका लागि प्रेरणा बन्दै



गण्डकी । कृषिप्रतिको अनिच्छासँगै रोजगारीको खोजीमा बढ्दो युवा पलायन भइरहेका अवस्थामा पोखरा महानगरपालिका-३१ तालबैंसीका शिवराज सुवेदीको कृषि यात्रा भने अरुका लागि प्रेरणको स्रोत बनेको छ।

उमेरले ६४ वर्ष पुग्नुभएका सुवेदीले २०४३ सालदेखि निरन्तर रुपमा गर्नुभएको व्यवसायिक कृषिसँगै उहाँले अहिले भने 'रिभोलुसन मल्टिप्रपोज अर्गानिक एग्रिकल्चर फार्म हाउस' सञ्चालन गरिरहनुभएको छ। पशुपालनदेखि तरकारी तथा फलफूलखेतीका विविधता उहाँको फर्ममा देख्न सकिन्छ। आफूमा व्यावसायिक कृषिप्रतिको आकर्षण भने गाउँमा केयर नेपाल संस्था भित्रिएपछि भएको सुवेदीले अनुभव सुनाउनुभयो।

"मैले २०४४ सालतिर सुरुमा केयर नेपाल संस्थाकै सहयोगमा भेटनरी तथा कृषि तालिम गरेको थिएँ", उहाँले भन्नुभयो, "त्यही सिकाइका जगमा व्यावसायिक पशुपालन तथा तरकारीखेती गर्न थालेको हुँ।" यस आसापासको क्षेत्रमा नै पहिलोपटक २०४३ सालमा काउलीखेती गरेको अनुभव सुनाउँदै सुवेदीले उक्त समयमा काठमाडौँ स्थानीय जातको काउली लगाइएको जानकारी दिनुभयो।

त्यस समयमा बारीमा फलाएको काउली दुई घण्टासम्म डोकोमा बोकेर चिसापानीसम्म पु्याएको सुवेदीले अनुभव सुनाउनुभयो। "त्यस समयमा काउली पाँच रुपैयाँ प्रतिकिलोसम्म बिक्री हुने गर्दथ्यो", उहाँले भन्नुभयो, "काउलीको बीउ पाउन भने मुस्किल थियो, काठमाडौँबाट नै मगाउनुपर्थ्यो।"

आफूले त्यस समयमा काठमाडौँसम्म चल्ने बसमा सम्पर्क गरी रु ५० को बीउ ल्याउन रु ५० भाडासमेत दिएर बीउ मगाएको सुवेदीले जानकारी दिनुभयो। उहाँका अनुसार रोप्नका लागि तयार गरिने काउलीको बिरुवा त्यस समयमा १० पैसामा बिक्री हुने गर्दथ्यो। व्यवसायक कृषिमा युवाहरूलाई आकर्षित गर्न सुवेदीले तालिम लिनसक्ने हल बनाउनुभएको छ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको कृषकस्तरमा नवीनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाई केन्द्र स्थापना गर्न सहयोग कार्यक्रमअन्तर्गत अनुदान सहयोगमा तयार गरिएको हलमा एक साथ ४० जनासम्मले बसेर तालिम लिन सक्छन्। परियोजनाको अनुदान कार्यक्रमअन्तर्गत तालिम भवन, गाईभैँसी गोठ, बाख्राको खोर, ताराबारलगायतका संरचनाका लागि कूल रु ११ लाख ३१ हजार लागतमध्ये कृषकको सहभागिता रु तीन लाख २९ हजार ८३६ थियो भने कार्यालयको सहभागिता रु सात हजार ९७ हजार ५८ रहेको छ।

सुवेदीले हाल पशुपालन, माछापालनसहित तरकारीखेती पनि गर्दै आउनुभएको छ। विगत नौ वर्षदेखि माछापालन गर्दै आउनुभएका उहाँले वार्षिक रु दुई लाख बराबरको माछा बिक्री गरिहनुभएको छ। खसी, दूध, माछा, तरकारी आदि बिक्रीबाट खर्च कटाएर रु पाँच/छ लाखसम्म आम्दानी भइरहेको उहाँले अनुभव सुनाउनुभयो।

सुवेदीको फार्ममा तरबुजा, घिरौला, काँक्रा आदिको व्यावसायिक खेती भइरहेको छ। स्थानीयका लागि कुटानीपिसानीका साथै कफि प्रशोधन आदिसमेत सुविधा उपलब्ध गराउँदे आइएको छ। कृषिका बहुप्रयोग रुचाउनुहुने सुवेदीको प्रयास अरुका लागि पनि प्रेरणा बन्न सक्ने पोखरा महानगरपासिलका कृषि विकास शाखाका प्रमुख मनहर कडरिया बताउनुहुन्छ।एकीकृत कृषिका विविध पक्षलाई एकै ठाउँमा अवलोकन गर्न पाइएने सुवेदीको क्रियाशीलताबाट अरुले पनि धेरै सिक्न सक्ने उहाँको भनाइ छ। कृषिमा धेरै सम्भावना रहेको बताउँदै उहाँले मेहनतसँगै निरन्तरको लगाव हुनसकेमा कृषिबाट राम्रै आयआर्जन गर्न सकिने प्रमुख कडरियाले बताउनुभयो।रासस

# 'काचाल्का' अर्थात् थोरै पानीले धेरै सिँचाइ गर्ने प्रविधि

नारायणगढ । कृषिलाई व्यावसायिक बनाइ कम लागतमा बढी उत्पादन सुनिश्चित गर्नु अहिलेको आवश्यकता हो। नेपालका विभिन्न कृषि विश्वविद्यालय र अनुसन्धान केन्द्रले कृषिमा अध्ययन अनुसन्धान गर्दै आएका छन्। तर अधिकांश अनुसन्धानका परिणाम व्यवहारमा लागु नहुँदा ती अनुसन्धानमै सीमित भएका पनि छन्।

कृषि उत्पादनका लागि मल र बिउ उपलब्ध भएपनि सिँचाइ प्रणालीको उपयुक्त प्रयोग बिना उत्पादन सम्भव छैन। यसका लागि पानीको मात्रा, माटोको प्रकार, र बालीअनुसार सिँचाइ गर्ने तरिका निर्धारण गर्नु आवश्यक हुन्छ। कृषिलाई व्यावसायिक बनाउने उद्देश्यले, उपलब्ध प्रविधि र उपकरणलाई स्थानीय स्तरमा प्रयोगयोग्य र व्यवहारमै आधारित बनाउनु जरुरी छ। विकास भएको तर व्यापक रूपमा प्रयोगमा नआएको प्रविधि जसले उत्पादन क्षमता र लाभ दुवै बढाउँछ। त्यसको उदाहरण हो काचाल्का सिँचाइ प्रविधि (डिस्क्रेट इरिगेट सिस्टम)।

सामान्यतया ट्याङ्की वा ड्रममा पानी राखेर सतह सिँचाइ गर्दा धेरै पानी खेर जान्छ। प्रभावकारी सिँचाइ गर्न कठिन हुन्छ। तर चितवनको भरतपुर-१६, विजयनगरका प्राडा ई भगवानदास मानन्धरले विकास गर्नुभएको काचाल्का प्रविधिले बिरुवालाई आवश्यक मात्रामा पानी पु-याउँदै, थोपा-थोपा सिँचाइ गरी पानी बचत गर्न सफल भएको छ। यो प्रविधिको प्रभावकारितामा मानन्धर लामो समयदेखि जुट्दै आउनुभएको छ। उहाँले देश विदेशका विभिन्न क्याम्पसमा अध्ययन अध्यापन गर्दै प्राप्त अनुभवलाई अवकाश जीवनमा कृषि क्षेत्रमा व्यावहारिक रुपमा प्रयोग गर्नुभएको हो।



प्रविधिको विकास गरे पनि लामो समयसम्म व्यवहारमा लागू नहुँदा मानन्धर आफैँ प्रत्यक्ष रूपमा यसको प्रयोगमा जुट्नुभएको हो। उहाँले अब आफैँले गरेर देखाउँदै किसानसमक्ष यो प्रविधि पु्याउने लक्ष्य राख्नुभएको छ। भट्ट हेर्दा यहाँको प्रणाली सामान्य सतह सिँचाइ जस्तो देखिन्छ, तर वास्तवमा यसमा लामो अनुसन्धान र परीक्षणबाट प्रमाणित प्रभावकारी सिँचाइ प्रविधि प्रयोग गरिएको छ।

प्राडा मानन्धरले आफ्नो जीवनको लामो समय खर्चेर यो प्रविधि विकास गर्नुभएको हो। जसले किसानलाई पानीको खपत कम गर्दै उत्पादन र सिँचाइ दक्षता बढाउने अवसर प्रदान गर्दछ।

उहाँले आफ्नै जग्गामा सुन कागती खेती गरी यही प्रविधिबाट सिँचाइ गर्दै आउनुभएको छ। त्यसबाट काचाल्काको कार्यक्षमता प्रमाणित भएको छ। सुख्खा मौसममा लगाइने तरकारीबाली तथा अन्य बाली होस् वा बागवानीका लागि सिँचाइ सहज बनाउन उहाँले काचाल्का र क्यापिलरी सिँचाइ प्रविधि प्रयोग गर्नुभएको छ।

कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, रामपुर पक्लिहवा कृषि क्याम्पसलगायतका क्याम्पसमा २३ वर्ष लामो प्राध्यापन गर्नुभएका मानन्धरले आफ्नो अध्ययनको विषयलाई व्यवहारमा ल्याउन जागिर छाडेर यो प्रविधि प्रयोगमा ल्याउनुभएको हो। उहाँले यस प्रविधिबाट सिँचाइ गर्न पहिला ट्याङ्कीलाई जमिनमाथि उचाइमा राखेर, त्यहाँबाट मुल पाइप र भल्भको प्रयोग गर्दै पाइपको पानीलाई सिधा वितरण गर्नुभएको छ।

चार कठ्ठा जमिनको सिधा भागमा हरेक स्थानमा दुईवटा पानीका डब्बा बनाइएको छ। पाँच लिटर, चार लिटर र तीन लिटर क्षमताका, जम्मा १३ स्थानमा डब्बा राखिएका छन्। जसले दायाँ र बाँयाँ ढल्केर पानी पोखाएर सिँचाई गर्छ। सिँचाइका क्रममा एउटा डब्बामा पानी भरिएपछि, अर्को डब्बामा पानी भर्ने गरिन्छ। यसरी सिँचाइ गर्दा बिरुवामा कुनै असर नपर्ने र पानीको खपत कम हुन्छ। काचाल्का प्रविधिमा, ट्याङ्कीको प्रयोग गरेर पानीलाई थोपा-थोपा जस्तो नियन्त्रण गरी बिरुवालाई आवश्यक मात्रामा उपलब्ध गराइन्छ। "यसमा पानी खेर जाँदैन र खेतमा जम्दैन पनि। यो प्रविधि अन्य सिँचाइ प्रणालीभन्दा बढी उपयुक्त र प्रभावकारी छ," प्राडा मानन्धरले भन्नुभयो। उहाँकाअनुसार काचाल्का रूसी शब्द हो, जसको अर्थ पानी व्यवस्थापनमा प्रयोग हुने एउटा सानो ट्याङ्की वा चेम्बर ढिकिच्याउ प्रकारको संरचना हो। यसले मुख्य मुहान वा ठूलो ट्याङ्कीबाट आएको पानी पाइपमार्फत काचाल्कामा जम्मा गर्छ। काचाल्का भरिएपछि पानी अर्को दिशामा बग्ने गरी व्यवस्था गरिएको हुन्छ। यो टिन, धातु, माटो, ढुङ्गा वा कंक्रिटबाट बनेको हुन्छ। सानो पोखरी वा भाँडो जस्तो देखिने काचाल्कामा पानी जम्मा हुने र बाहिर निस्कने दुईवटा भाग हुन्छन्। विशेष गरी सिँचाइ व्यवस्थामा पानीको दबाब र वितरण नियन्त्रण गर्न यसले महत्वपूर्ण भूमिका खेल्छ। ट्याङ्कीबाट गएको मुख्य पाइपमा जडान गरिएको सानो धारामा पानी खोल्ने र बन्द गर्ने सुविधा हुन्छ। सरल भाषामा भन्नुपर्दा, काचाल्का भनेको पानी जम्मा गर्ने र आवश्यकताअनुसार अर्को ठाउँमा पठाउने सानो नियन्त्रण ट्याङ्की हो।

प्राडा मानन्धरले सन् १९९३ मा विद्यावारिधी गर्ने क्रममा यो प्रविधि विकास गर्नुभएको थियो। त्यसको दुई वर्षपछि औपचारिक रूपमा यो प्रविधि प्रस्तुत गरिएको थियो। त्यतिबेला इटलीको मान्तोभामा यसको सफल परीक्षण पनि गरिएको थियो। नेपाल फर्किएपछि अध्यापनका क्रममा विद्यार्थीहरूलाई उहाँले यो प्रविधि सिकाउनुभयो, तर व्यवहारमा कसैले लागू गरेनन्। "कर्तव्य पूरा गर्न अब म आफैँ फिल्डमा आएको छु। मैले जागिर नै छोडेर अहिले कृषिमा लागेको छु", उहाँले भन्नुभयो, "यो प्रविधि किसानहरूसम्म व्यावहारिक रूपमा पु-याउनु नै मेरो उद्देश्य र कर्तव्य पनि हो।"

विश्वमै काचाल्का सिँचाइ प्रविधि प्रभावकारी र उपयोगी प्रविधिका रूपमा विकसित हुने प्राडा मानन्धरको दाबी छ। विश्वका अधिकांश स्थानमा खेतमा कुलोबाट सिँचाइ गर्ने प्रचलन छ। जसले बढी श्रम, खर्च र पानीको खपत गराउँछ। काचाल्का सतहमा आधारित, सिँचाइ प्रविधि हो। उहाँले भन्नुभयो, "काचाल्का सतहमा आधारित, मेकनाइज गरिएको सेमि-अटोमेटिक इरिगेसन सिस्टम हो, जसले बिरुवा वा खेतलाई आवश्यक मात्र पानी मात्र उपलब्ध गराउन सक्छ। खेतको आकार अनुसार पानी वितरण गर्न सकिन्छ। यो प्रविधि थोपा-स्प्रिङकलिङ प्रणालीभन्दा सस्तो छ। किसानले आफैँ निरीक्षण गरेर बिग्रिएको भाग देख्न र आवश्यक परे आफैँ बनाउन पनि सक्छन्।"

उहाँका अनुसार यस प्रविधिमा पानी नियन्त्रण गर्ने उपकरणहरू जडान गरिएको हुँदा खेतको क्षेत्रफल, माटोको बनावट अनुसार पानी वितरण गर्न सकिन्छ।

काचाल्का सिँचाइ प्रविधिको सिँचाइ दक्षता करिब ९३ प्रतिशत र पानी वितरणको समानता ९५ प्रतिशत छ। इच्छुक किसानले यो प्रविधि प्रयोग गर्न चाहेमा उहाँले आवश्यक सहयोग उपलब्ध गराउने बताउनुभयो। साथै, चितवनको कृषि विकास कार्यालयमार्फत पनि इच्छुक किसानहरूले सम्पर्क गर्न सक्ने जानकारी दिनुभयो।रासस

# श्रवण क्षमता नभएर रोकेन अृमत र हेमराजलाई 'रेष्टुरेन्ट' सञ्चालन गर्न



म्याग्दी। बेनी नगरपालिका-४ सिङ्गा पौडेल चोकमा श्रवण क्षमता नभएका अमृत र हेमराज शर्मा 'रेष्टुरेन्ट' व्यवसाय सञ्चालन गरेर आत्मनिर्भर बन्नुभएको छ।

बागलुङका ३५ वर्षीय अमृत र ४२ वर्षीय हेमराजले शारीरिक अशक्तताले रोजगारी, व्यवसाय र अवसरलाई छेक्न सक्दैन भन्ने उदाहरण प्रस्तुत गर्नुभएको हो। नाताले आफन्त पर्ने अमृत र हेमराजले सिङ्गाको पौडेलचोकमा संयुक्त रूपमा सञ्चालन गरेको 'साङ्केतिक भाषा खाजा घर'ले उनीहरूलाई स्वरोजगार र आत्मनिर्भर बनाएको हो।

जन्मजात श्रवण क्षमता नभएका शर्माद्धय साङ्केतिक भाषा र शब्द लेखेर उपभोक्ताहरूसँग संवाद गर्नुहुन्छ। चिया, खाजा, जेरी, तरकारी, याममा अरिङ्गाल, माछा, मासु र खानाका परिकार उहाँहरू आफैँ तयार पार्नुहुन्छ। स्थानीयवासी, वडा कार्यालय, विद्यालय, बेनी-दरवाङ सडकको यात्रा गर्ने सर्वसाधारण, व्यवसायीहरू उक्त रेष्टुरेष्टका ग्राहक हुन्। टाढाबाट आउने ग्राहकले मोबाइलमा सन्देश पठाएर खाना, खाजाका परिकार 'अर्डर' गर्छन्। सामाजिक सञ्जालमा भिडियो कल गरेर पनि सुाङ्केतिक भाषामा ग्राहकले कुराकानी गर्छन्।

फोन आयो भने छिमेकीलाई उठाउन लगाएर उहाँहरूमार्फत सूचना लिने गरेको अमृतले लेखेर जानकारी गराउनुभयो। म्याग्दीका जलविद्युत् आयोजनाहरूमा परामर्शदाताका रूपमा काम गर्दै आउनुभएका शङ्कर बस्यालले सरसफाइ र आत्मीय व्यवहारका कारण साङ्केतिक भाषा खाजाघरलाई रोजेको बताउनुभयो। "उहाँहरू नबोले पनि ग्राहकको भावना बुझेर नम्र व्यवहार गर्नुहुन्छ", उहाँले भन्नुभयो "ठाउँको सरसफाइ र परिकार 'हाइजेनिक' हुने भएकाले राम्रो लाग्छ।"

दैनिक पाँच हजार रुपैयाँको हाराहारीमा व्यापार गर्ने शर्माद्वयले उक्त आम्दानीबाट व्यवसायलाई निरन्तरताका साथै घरव्यवहार चलाएको बताउनुभयो। दसैँ, तिहार र चाडपर्वका समयमा व्यापार अलि बढी हुन्छ।हेमराजको घरमा श्रीमती र एक छोरी छन्। अमृतकी श्रीमतीको पनि श्रवण क्षमता छैन। अमृतका घरमा श्रीमती र एक छोरा छन्। हेमराजले कक्षा ५ सम्मको अध्ययन गर्नुभएको छ भने अमृतले १२ कक्षा उत्तीर्ण गर्नुभएको छ। उहाँहरूका परिवार बागलुङमै बस्नुहुन्छ।

धवलागिरि माविको बहिरा स्रोत कक्षाका शिक्षक शङ्कर पाण्डेको सहयोगमा हेमराज र अमृत १० वर्षअघि सिङ्गामा आउनुभएको थियो। शर्माद्वयको सानैदेखि खानाका परिकार बनाउन रुचि थियो। घारबाट रु तीन लाख ल्याएर घर भाडामा लिएर व्यवसाय सुरु गरेको अमृत सम्झनुहुन्छ। हाल उहाँहरूको व्यवसायमा करिब रु १० लाखको लगानी छ।सीप र व्यवसायमा आबद्ध भएकाले घरव्यवहार चलाउन सहज भएको शर्माद्वयको अनुभव छ। पौडेलचोकका यादवप्रसाद पौडेलले अमृत र हेमराजले हातमा सीप र व्यावसायिक कला तथा साहस हुने हो भने शारीरिक प्रतिकूलताका बाबजुद आत्मनिर्भर र स्वरोजगार बन्न सकिने सन्देश दिएका बताउनुभयो।

"अमृत र हेमराजले हातमा भएको सीपको सदुपयोग गर्न जान्ने हो भने जीवन चलाउन अरुमा निर्भर हुनुपर्दैन भन्ने सन्देश दिनुभएको छ", उहाँले भन्नुभयो "उहाँहरूले व्यवसायबाट हासिल गरेको सफलताबाट धेरैका लागि उदाहरणीय बन्न सक्छ।"हाल भाडाको घरमा व्यवसाय गर्दै आएका उहाँहरूले व्यवसाय विस्तार गर्दै लैजाने योजना बनाउनुभएको छ। रासस


## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदाबीको ३५ दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जिल्ला रौतहट साविक गाविस पतौरा वार्ड नं.३ हाल मौलापुर न.पा.४मा बस्ने कुल्ही साह तेलीको नाती, गोपालजी साह तेलीको छोरा रामएकवाल साह तेलीको नाममा सर्वे नाप नक्सा रहेको जि.रौ.गाविस पतौरा वडा नं.३क कि.नं.१६०को ०-३-१७ को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममादा.खा.दर्ताको लागि द.नं. २२८८ मिति २०८२/०७/२८ गतेको माग निवेदन। माग जग्गाको मोठ भिडान हुँदा गाविस पतौरा वडा नं.३क कि.नं. १६०को ०-३-१७ को जग्गाको मोठ श्रेस्ता खोज तलास गर्दा श्रेस्ता फेला नपरेको र रामएकवाल साह तेलीको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ। मौलापुर न.पा. ४को च.नं.४७० मिति २०८२/१२/०८ र च.नं.२३२ मिति २०८२/०७/२७ गतेको पत्रले जिल्ला रौतहट साविक गाविस पतौरा वार्ड नं. ३ हाल मौलापुर न.पा. ४मा बस्ने कुल्ही साह तेलीको नाती, गोपालजी साह तेलीको छोरा रामएकवाल साह तेलीको नाममा सर्वे नाप नक्सा रहेको जि.रौ.गाविस पतौरा वडा नं.३क कि.नं.१६०को ०-३-१७ को जग्गा अप्रमाणित रही निज रामएकवाल साह तेलीको हकभोगमा रहेकोले माथि उल्लेखित अप्रमाणित जग्गा प्रमाणित गरी रामएकवाल साह तेलीको नाममा श्रेस्ता समेत कायम गरेर दा.खा. गरिदिनका लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी भूमि प्रशासन निर्देशिका २०८१ को परिच्छेद ३को दफा ५० बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाषित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा.खा.भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ।



## जिल्ला महोत्तरी, गौशाला नगरपालिका वार्ड नं. ११ मा स्थापना भई संचालनमा भईरहेको विश्वनाथ फुड प्रोडक्ट सप्लायर्स प्रा.लि.को लागी आवश्यक पर्ने प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना

मधेश प्रदेश महोत्तरी जिल्ला गौशाला नगरपालिका वार्ड नं. ११ मा स्थापना भई संचालन भईरहेको विश्वनाथ फुड प्रोडक्ट सप्लायर्स प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना : | नामः- विश्वनाथ फुड प्रोडक्ट सप्लायर्स प्रा.लि.<br>ठेगानाः- गौशाला नगरपालिका वार्ड नं. ११, महोत्तरी |
| प्रस्तावको व्यहोरा : | गौशाला नगरपालिका वार्ड नं. ११. महोत्तरीको किता नं. ४६ को क्षेत्रफल १-६-२ (वि. क. धु. क) भएको जग्गामा निर्माण तथा संचालन भईरहेको विश्वनाथ फुड प्रोडक्ट सप्लायर्स प्रा.लि.को लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी गर्ने कार्य। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पाः | गौशाला नगरपालिका |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीविच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागी पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| सम्बन्धित वडा कार्यालयः | गौशाला नगरपालिका<br>११ नं. वडा कार्यालय, महोत्तरी |
| प्रोप्राईटरको नाम र ठेगानाः | नामः जगन्नाथ महतो<br>ठेगानाः- गौशाला नगरपालिका वार्ड नं. ११, महोत्तरी |
| परामर्शदाताको नाम र ठेगानाः | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., विरगंज-१६, पर्सा।<br>सम्पर्क व्यक्तिः शम्भु प्रसाद चौरसिया<br>सम्पर्क नं.: ९८५१००६६४३<br>इमेलः shambhuprasadchaurasia@gmail.com |



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८२/१२/२४ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय बर्दिबास, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ। धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ। सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन्। बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ। उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं। अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन। उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८२/१२/३० गते/स्थान : शाखा कार्यालय बर्दिबास, महोत्तरी | २०८३/०१/०४ गते, शुक्रबार दिनको १ बजे |

| क्र.सं. | ऋणीको नाम, ठेगाना |
|---|---|
| १. | **नाम : देबसुन्दर आधुनिक कृषी फार्म प्रा.लि.**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. ३०९३१०/०७९/०८०, दर्ता मिति : २०७९/१२/०६, पान नं. ६१०४६८८७०, दर्ता मिति : २०७९/१२/०६<br>ठेगाना : महोत्तरी जिल्ला, भँगाहा न.पा. वडा नं. ६, **संस्थापक शेयरधनि : देव सुन्दर महतो कोइरी** |
| | **धितोको विवरण** |
| | १. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि.को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ क स्थित कित्ता नं. ४१२ को क्षेत्रफल ०-१४-१९-०, महोत्तरी जिल्ला, हात्तीसर्वा वडा नं. ९ ख स्थित कित्ता नं. ४०१ को क्षेत्रफल ०-१५-१.२५-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>२. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय वर्दिबास, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, विजलपुरा वडा नं. १ ग स्थित कित्ता नं. १७६ को क्षेत्रफल ०-६-१६.२५-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।<br>३. देव सुन्दर आधुनीक कृषी फार्म प्रा.लि. को नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ३ ग स्थित कित्ता नं. ८ को क्षेत्रफल ०-६-०-० को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : बर्दिबास, महोत्तरी, फोन नं. ०४४-५५०५६६
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# मन्त्री यादवको औचित्यहीन अभिव्यक्ति

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको अर्थमन्त्रालयमा विकास निर्माणको योजना कार्यान्वयनमा भइरहेको अनियमितता र कमिसनको खेलबारे समाचार लेख्ने सञ्चारमाध्यमलाई अर्थमन्त्री कारबाही गर्ने सार्वजनिक रुपमै धम्की दिएको छ ।




सोमबार पत्रकार सम्मेलन गर्दै अर्थमन्त्री महेशप्रसाद यादवले भने 'अर्थ मन्त्रालय बारे समाचार लेख्ने सञ्चार गृहका सञ्चालक र पत्रकारलाई कारबाही गर्नेछौं ।'

आफ्नो मन्त्रालयमाथि उठेका प्रश्नको कानूनी बाटोबाट खण्डन वा निकास गर्नुको साटो मन्त्री यादवले प्रदेश सरकार आफैंले कारबाही गर्ने भने । उनले भने 'पत्रकारहरुबाट सहयोग पाइरहेका छौं तर तर केही पत्रकार र सञ्चारमाध्यमले व्यक्तिगत स्वार्थ साध्ने काम नियन्त्रण गर्नुस्, अन्यथा अर्थ मन्त्रालय र मधेश प्रदेश सरकार कारबाही गर्न अग्रसर हुन नपरोस् ।'

एक राष्ट्रिय दैनिक पत्रिकाले अपुष्ट र तथ्यहीन खबर छापेको भन्दै उनले आक्रोश पोखेका थिए । आफूले गल्ती गरेको भए ढाकछोप नगरी लेख्न, तर व्यक्तिगत स्वार्थका लागि बदनाम नगर्न उनले सो सञ्चारमाध्यमलाई आग्रह गरे ।

'अरु मन्त्री जस्तो महेश यादव होइन, पदको लोभ छैन,' उनले भने, 'कसैले धाकधम्की देखाएर आफ्नो चपेटामा लिन खोज्यो भने त्यो उसको भूल हो ।'

पत्रिकाले स्रोत र योजनाको नामै तोकेर बजेट होल्ड गरिएको, कमिसन नदिँदा अख्तियारी रोकिएको, चिठी वितरणमा आर्थिक चलखेल भएको र कर्मचारी सरुवामा बिचौलिया खटाइएको समाचार सार्वजनिक गरेको थियो ।

यसै विषयलाई लिएर मन्त्री यादवले आफ्नो आधिकारिक फेसबुक पेजबाटै सञ्चार गृहको नाम तोकेर पत्रकार सम्मेलन गर्ने सूचना जारी गरेका थिए । मन्त्रीको यस प्रकारको धम्कीपूर्ण अभिव्यक्तिको सामाजिक सञ्जाल सहित पत्रकार सम्बद्ध संघसंस्थाद्वारा चर्को आलोचना भइरहेको छ ।

सम्मेलनमा सहभागी अधिकांश पत्रकारहरुले मन्त्रीलाई कानुनी प्रक्रिया नै थाहा नभएको टिप्पणी गरेका छन् । समाचारप्रति असन्तुष्टि भए प्रमाणसहित विधि र प्रक्रियाअनुसार सम्बन्धित निकायमा जान सक्ने व्यवस्था हुँदाहुँदै मन्त्री आफैंले यसप्रकार चुनौतीपूर्ण अभिव्यक्ति दिनु औचित्यहीन रहेको रुपमा पत्रकारहरुले लिएका छन् ।

# संघकै कारण प्रदेश कमजोर

**प्रधानमन्त्री कार्यालयका सचिव गोविन्द बहादुर कार्कीको नेतृत्वमा रहेको १३ सदस्यीय समितिले प्रदेश सरकारको कमजोर अवस्थाको मुख्य कारण संघीय सरकारको केन्द्रीकृत सोच र संरचनागत एकल अधिकार लाद्न खोजिएकालाई मानेको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । संघीय सरकारको केन्द्रिकृत सोचकै कारण देशमा संघीयता कार्यान्वयन भएको झण्डै एक दशक पुग्न लाग्दा पनि प्रदेश सरकारहरू अपेक्षित राजनीतिक स्वायत्तता र प्रभावकारिता स्थापित गर्न नसकेको निष्कर्ष सार्वजनिक भएको छ ।




प्रदेशहरूको वित्तीय, प्रशासनिक र नीतिगत कमजोरी उजागर गर्दै हालै सार्वजनिक 'सुशासन मार्गचित्र' प्रतिवेदनमा संघीय संरचनाको वास्तविक कार्यान्वयनमै गम्भीर चुनौती रहेको औँल्याएको छ । गत पुस १४ गते गठन गरिएको उच्चस्तरीय समितिले तयार पारेको उक्त प्रतिवेदनमा यस्तो भनिएको हो ।

प्रधानमन्त्री कार्यालयका सचिव गोविन्द बहादुर कार्कीको नेतृत्वमा रहेको १३ सदस्यीय समितिले प्रदेश सरकारको कमजोर अवस्थाको मुख्य कारण संघीय सरकारको केन्द्रीकृत सोच र संरचनागत एकल अधिकार लाद्न खोजिएकालाई मानेको छ ।

प्रतिवेदन अनुसार संघीयताको मर्मअनुसार अधिकार हस्तान्तरण हुन नसक्नु नै प्रदेशहरूको असफलताको प्रमुख कारण हो । विगतका विभिन्न अध्ययन र विकास साझेदारका निष्कर्ष उद्धृत गर्दै प्रतिवेदनले केन्द्रले अधिकार, स्रोत र निर्णय प्रक्रिया आफैंमा सीमित राख्दा प्रदेशहरू प्रभावकारी रूपमा काम गर्न नसकेको उल्लेख गरेको छ ।

प्रदेश सरकारहरूको कार्यसम्पादन कमजोर हुनुको अर्को मुख्य कारण कर्मचारी अभाव देखिएको छ । प्रतिवेदनले करिब ४० प्रतिशत दरबन्दी रिक्त रहेको औँल्याउँदै यसलाई 'प्रशासनिक पक्षघात'को अवस्था भनेको छ । कर्मचारी व्यवस्थापनमा स्पष्ट नीति नहुँदा बारम्बार हुने सरुवा, वृत्ति विकासको अनिश्चितता र संस्थागत स्मृतिको अभावले सेवा प्रवाहमा गम्भीर असर परेको उल्लेख गरिएको छ ।

प्रतिवेदन अनुसार प्रदेशहरू आफ्नो कुल बजेटको ८० देखि ९० प्रतिशतसम्म संघीय अनुदानमा निर्भर छन् । आन्तरिक राजस्व संकलन अत्यन्त न्यून रहेको र आर्थिक स्रोत परिचालनमा प्रदेशहरू कमजोर देखिएको निष्कर्ष निकालिएको छ । यसले गर्दा प्रदेशहरूको वित्तीय स्वायत्तता सीमित बनेको छ भने नीति निर्माण र कार्यान्वयनमा पनि संघप्रति निर्भरता बढेको छ ।

प्रदेश सरकारहरू अत्यधिक मन्त्रालय र अनावश्यक प्रशासनिक संरचनाका कारण आलोचित हुँदै आएका छन् । यसलाई सुधार गर्न प्रतिवेदनले मन्त्रालय संख्या अधिकतम ७ दिन भित्र सीमित गर्न सिफारिस गरेको छ ।

यसका साथै औचित्यहीन कार्यालय, बोर्ड र समितिहरू खारेज गरी सेवा प्रवाहलाई एकीकृत ढाँचामा लैजान प्रस्ताव गरिएको छ । जिल्लास्तरका विषयगत कार्यालयहरू हटाई 'एकीकृत सेवा प्रवाह प्रणाली' लागू गर्न सुझाव दिइएको छ ।

संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभाव र अविश्वास पनि संघीयताको प्रभावकारी कार्यान्वयनमा बाधक बनेको प्रतिवेदनले औँल्याएको छ । यस समस्याको समाधानका लागि राष्ट्रिय तथा प्रदेश समन्वय परिषद् जस्ता संयन्त्रहरूलाई नियमित, सक्रिय र परिणाममुखी बनाउनुपर्ने सुझाव दिइएको छ ।

प्रतिवेदनले सुधारका लागि स्पष्ट समयतालिका पनि निर्धारण गरेको छ । ३ महिनाभित्र मन्त्रालय संख्या ७ मा झार्ने, ६ महिनाभित्र संघीय निजामती सेवा ऐन जारी गर्ने, १ वर्षभित्र सवारी चालक अनुमति पत्रलगायत सेवा अनलाइनमार्फत उपलब्ध गराउने, ३ वर्षभित्र आन्तरिक राजस्व वृद्धि गरी संघीय निर्भरता उल्लेख्य रूपमा घटाउने भनेको छ ।

# हामी बिचौलिया होइनौं : लेखापढी व्यसायी

**टुडे समाचारदाता**

जनकपुरधाम । सरकारले मालपोत र नापी कार्यालयहरूबाट बिचौलियाको नाममा लेखापढी व्यवसायीलाई धपाउने अभियान सुरु गरेसँगै मधेश प्रदेशसहित देशभरको जग्गा कारोबार ठप्प भएको छ । स्थानीय प्रशासनद्वारा भइरहेको धरपक्कडविरुद्ध मधेशका जिल्लाहरुमा तनावको अवस्था श्रृजना भएको छ ।




खासगरी मालपोत कार्यालय र यातायात कार्यालयबाट लेखापढी व्यवसायीलाई बिचौलियाको नाममा पक्राउ गर्न थालेपछि श्रृजित अवस्थाले लेखापढी व्यवसायी कतै आन्दोलित भएका छन् भने कतै आतंकित भई बेरोजगार भएर बसेका छन् ।

प्रशासनले बिचौलियाको नाममा चलाएको डण्डाले सेवाग्राहीलाई सास्ती भएको छ भने लेखापढी व्यवसायी आन्दोलनमा उत्रेका छन् । स्थानीय प्रशासनले सोमवार मात्रै धनुषाको जनकपुरधामस्थित मालपोत कार्यालयबाट ५ जना, रौतहको चन्द्रनिगारपुरस्थित मालपोत कार्यालयबाट एक जना, पर्साको वीरगञ्जस्थित मालपोत कार्यालयसहित विभिन्न स्थानबाट दर्जनौ लेखापढी व्यवसायीलाई पक्राउ गरेको छ ।

यस्तै सरकारको पछिल्लो निर्णयपछि सर्लाही प्रहरीले नापी, मालपोतबाट ७ जना र यातायात कार्यालयबाट २ जना लेखापढी व्यवसायीलाई पक्राउ गरिएको छ । लेखापढी व्यवसायी पक्राउको विरोधमा मालपोत कार्यालय मलंगवा बाहिर बसेर लेखन्दासको काम गर्नेहरुले काम बन्द आन्दोलनमा उत्रेका छन् ।

हामी बिचौलिया कसरी ?

वैधानिक रूपमा इजाजत लिएर काम गरिरहेका भू-सेवा तथा लेखापढी व्यवसायीलाई समेत बिचौलियाको आरोपमा धरपकड गर्न थालिएपछि व्यवसायीहरूले सेवा बन्द गरेर आन्दोलनमा उत्रेका हुन् ।

सरकारले मालपोतका कामलाई प्रविधिमैत्री बनाउन भू-सेवा केन्द्रको ल्याएको अवधारणा अन्तर्गत ५० हजार रुपैयाँ धरौटी र वार्षिक ३ हजार रुपैयाँ नवीकरण शुल्क बुझाएर इजाजत लिएका लेखापढी व्यवसायीले अनलाइनमार्फत जग्गा खरिद बिक्रीको विवरण भर्ने (इन्ट्री गर्ने) काम गर्दै आएका छन् ।

भू-सेवा तथा लेखापढी व्यवसायी संघ, पर्साका अध्यक्ष सुरेन्द्रप्रसाद यादवका अनुसार, जिल्ला अदालतबाट परीक्षा उत्तीर्ण गरी लाइसेन्स लिएका र सरकारकै अनुमतिमा भू-सेवा सञ्चालन गरेका लेखापढी व्यवसायीलाई अहिले बिचौलिया भन्दै पक्राउ गरिनु राज्यको दोहोरो चरित्र हो ।

राज्यले नै इजाजत दिने र राज्यले नै कानुनसम्मत काम गर्दा पक्राउ गर्ने ? यो कस्तो न्याय हो, यादवले प्रश्न गरे । लेखापढी व्यवसायी ऐन र मालपोत नियमावलीले उनीहरूलाई सेवाग्राहीको तर्फबाट कागजात तयार पार्ने अधिकार दिएको छ । सरकारले नै भू-सेवाका लागि युजर आईडी र पासवर्ड उपलब्ध गराएको अवस्थामा हामी कसरी बिचौलिया भयौं उनीहरुको भनाई छ ।

साधारण सेवाग्राही आफैंले श्रेस्ता तयार पार्न र अनलाइन विवरण भर्न सक्दैनन् । व्यवसायीले सेवा ठप्प पारेपछि मालपोत पुगेका सेवाग्राहीहरू रमिते बन्न बाध्य भएका छन् । जग्गा रोक्का, फुकुवा वा किनबेचका लागि टाढा-टाढाबाट आएका सेवाग्राहीहरू कार्यालयको गेटबाटै फर्किनु परिरहेको छ ।

भू-सेवा अनलाइनबाट हुने भए पनि कहिलेकाहीँ सिस्टममा डकुमेन्ट रिसिभ नहुँदा वा प्राविधिक समस्या आउँदा व्यवसायीहरू मालपोत कार्यालय जानुपर्ने हुन्छ । प्रशासनले यसैलाई आधार बनाएर उनीहरूलाई बिचौलियाको संज्ञा दिँदै धरपकड गरिरहेको व्यवसायीको आरोप छ ।

# रौतहटमा अधिकांश क्रसर अवैध

**सञ्जय मिश्र**

रौतहट । रौतहटमा अवैध रूपमा सञ्चालित क्रसर उद्योगको संख्या बढ्दै गइरहेको छ । जिल्लाभर रहेका २१ वटा क्रसर उद्योगमध्ये केवल ८ वटा मात्र वैध रहेको पुष्टि हुँदा बाँकी उद्योग गैरकानुनी रूपमा निर्बाध चलिरहेको तथ्य बाहिरिएको छ ।



नियमनकारी निकायको निष्क्रियताकै कारण यस्तो अवस्था सिर्जना भएको भन्दै स्थानीय स्तरमा असन्तुष्टि चुलिएको छ । जिल्ला समन्वय समितिका प्रमुख रामअयोध्या यादवमाथि अनुगमनमा उदासीन रहेको आरोप लाग्दै आएको छ । आर्थिक प्रभाव र राजनीतिक दबाबका कारण अवैध क्रसर नियन्त्रणमा चासो नदेखाइएको गुनासो पनि बढेको छ ।

अवैध रूपमा सञ्चालन भइरहेका क्रसर तथा बालुवा प्रशोधन उद्योगहरूले दर्ता नवीकरण नगर्ने, कारोबार विवरण नदेखाउने र नदी दोहन तीव्र बनाउने जस्ता गतिविधि गरिरहेका छन् । यसले राज्यलाई बुझाउनुपर्ने राजस्वसमेत छलिएको छ । तर स्थानीय, प्रदेश र संघीय सरकार सबै मौन देखिएको भन्दै आलोचना बढेको छ ।

स्रोतका अनुसार गढीमाई, गायत्री, न्यू गढीमाई (गढीमाई-९), कंकाली माई (फतुवा विजयपुर-१०), शिव शंकर (गरुडा-४), बन्कुल र राजपुर क्रसर उद्योगले भने कानुनी प्रक्रिया पूरा गरी सञ्चालन अनुमति लिएका छन् । ती उद्योगसँग ढुङ्गा क्रसिङ र बालुवा वासिङको इजाजत हुनुका साथै आवश्यक वातावरणीय परीक्षण (क्ष्भ्) समेत सम्पन्न गरिएको बताइन्छ ।

तर वृन्दावन नगरपालिका-१ रमौली, वडा नं. ४ हरैया, शंकट मोचन क्रसर, शिवम् क्रसर,गरुडा-झाझपुलस्थित महालक्ष्मी प्रशोधन, बाबा, चमेली माई, शिव पार्वती (शिवनगर), आश्रय निर्माण सेवा (चन्द्रपुर-९) लगायतका उद्योग अवैध रूपमा सञ्चालनमा रहेको आरोप छ । ती उद्योगहरू राजनीतिक पहुँच र आर्थिक चलखेलका आधारमा निर्बाध रूपमा चलिरहेको आरोप लाग्दै आएको छ ।

सरकारले जारी गरेको 'क्रसर उद्योग सञ्चालन मापदण्ड, २०८० ' अनुसार उद्योग सञ्चालनका लागि घरेलु तथा सानाउधोग लगायत कार्यालयमा दर्ता प्रक्रिया पुरा गरि न्यूनतम ४० रोपनी जग्गा, नदी र बस्तीबाट निश्चित दूरी तथा अनिवार्य प्रारम्भिक वातावरणीय परीक्षण (क्ष्भ्) आवश्यक हुन्छ । तर जिल्लाका अधिकांश उद्योगले यी मापदण्ड पालना नगरेको पाइएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय रौतहटकी प्रमुख रिन्की जयसवालले जिल्लामा वैध-अवैध गरी २१ वटा क्रसर सञ्चालनमा रहेको स्वीकार गर्दै अनुगमनका लागि समन्वय समितिको पहल आवश्यक रहेको बताइन् । "कारबाही गर्ने एकल अधिकार हाम्रो कार्यालयसँग छैन, अन्य निकाय पनि सक्रिय नहुँदा समस्या भएको हो," उनले भनिन् ।

प्रमुख जैसवालले जिल्ला समन्वय समितिको पहलमा जिल्ला प्रशासनका प्रतिनिधिको नेतृत्वमा अनुगमन टोली गठन हुने व्यवस्था भए पनि प्रभावकारी अनुगमन हुन नसकेको देखिन्छ । रौतहटका सिडियो दिनेश सागर भुसालले भने अवैध क्रसर नियन्त्रणका लागि जिल्ला समन्वय समितिको बैठकबाट निर्णय गरी कानुनी कारबाही अघि बढाइने प्रतिबद्धता जनाएका छन् ।

# अर्थ समितिले बुझाए प्रतिवेदन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेस प्रदेश सभा अन्तर्गतका अर्थ तथा योजना समितिका सभापति अनिताकुमारी साहले वार्षिक प्रतिवेदन २०८२ पेस गरेकी छन् ।

जनकपुरधाममा प्रदेश सभा भवनमा सोमवार आयोजित कार्यक्रममा समितिका सभापति साहले का सभामुख रामअशिष यादव समक्ष सो प्रतिवेदन प्रस्तुत गरेकी छन् । प्रतिवेदन प्रस्तुत गर्ने क्रममा समितिका सदस्यहरूको पनि सहभागिता रहेको थियो ।

प्रतिवेदनमा प्रदेशको आर्थिक अवस्था, बजेट कार्यान्वयनको प्रगति, योजना व्यवस्थापन तथा आगामी नीति तथा कार्यक्रमसम्बन्धी सुझावहरू समेटिएको छ । समितिले आर्थिक पारदर्शिता, विकास योजनाको प्रभावकारी कार्यान्वयन तथा राजस्व व्यवस्थापनमा सुधार आवश्यक रहेको औँल्याएको छ ।

कार्यक्रममा सभामुख यादवले समितिले पेस गरेको प्रतिवेदनले प्रदेश सरकारलाई नीतिगत निर्णय लिन सहयोग पुग्ने बताए । उनले प्रतिवेदनमा उठाइएका सुझावहरूलाई कार्यान्वयनमा लैजान सम्बन्धित निकायलाई निर्देशन दिने बताए । अर्थ तथा योजना समितिको वार्षिक प्रतिवेदनलाई प्रदेशको समग्र आर्थिक विकासका लागि महत्त् वपूर्ण दस्तावेजका रूपमा हेरिएको छ ।

# सीमासुरक्षा पूर्वाधार सुदृढीकरणमा जोड

**टुडे समाचारदाता**

रौतहट । रौतहटको गौरस्थित सशस्त्र प्रहरी बल नेपाल नम्बर ११ गण मातहत रहेको सीमा सुरक्षा गुल्म हेडक्वाटरको नवनिर्मित भवन एक कार्यक्रमबीच उद्घाटन गरिएको छ ।



सशस्त्र प्रहरी छिनमस्ता बाहिनी मधेस प्रदेश प्रमुख डिआइजी कृष्ण ढकालले भवन उद्घाटन गर्दै सीमाक्षेत्रको सुरक्षा प्रभावकारी बनाउन भौतिक पूर्वाधारको महत्वपूर्ण भूमिका रहने बताएका छन ।

उनले आफूले यस जिल्लामा काम गरेको अनुभव स्मरण गर्दै यहाँको भौगोलिक अवस्था र स्थानीयको भूमिकाबारे जानकार रहेको उल्लेख गरेका छन । डिआईजी ढकालका अनुसार सीमामा रहेका बोर्डर आउट पोस्ट (बीओपी) हरूमा पूर्वाधार अभाव रहेको विषयमा संगठन सचेत छ र विनियोजित बजेटअनुसार क्रमशः आफ्नै भवन निर्माण भइरहेको छ ।

डिआइजी ढकालले निर्माण भएका भवनहरू जनताको करबाट बनेको स्मरण गराउँदै जिम्मेवारीपूर्वक काम गर्न निर्देशन दिए। "संगठनको मर्म विपरीत काम गर्नेलाई कारबाही गरिन्छ," उनले चेतावनी दिएका छन ।

उनले सीमाक्षेत्रमा जीविकोपार्जनका लागि सानोपरिमाणमा सामान ल्याउने गतिविधिलाई तस्कर ीसँग नजोड्न आग्रह गर्दै यस्ता क्रियाकलापलाई कानुनी दायरामा ल्याएर भन्सारमार्फत राजस्व तिराउनेतर्फ प्रोत्साहन गर्नुपर्ने बताएका छन ।

कार्यक्रममा रौतहटका सिडियो दिनेश सागर भुसालले सीमाक्षेत्रमा खटिएका सशस्त्र प्रहरीको योगदानको प्रशंसा गरे। उनले सीमामा कार्यरत सुरक्षाकर्मीहरू कठिन परि स्थितिमा काम गरिरहेको उल्लेख गर्दै उनीहरूको सुविधा र आवास सुधारमा राज्यले ध्यान दिनुपर्ने बताएका थिए । दुई करोडभन्दा बढी लागतमा निर्माण सम्पन्न भएको भवन निर्माणमा सहयोग पुऱ्याउने व्यक्तित्वहरूलाई कार्यक्रममा सम्मान गरिएको थियो ।

गौर नगरपालिका-१ का अध्यक्ष लालबाबु चौधरी तथा सुदर्शन आँखा अस्पताल गौरका प्रमुख डा. हरिश्चन्द्र झालाई कदरपत्रसहित सम्मान गरिएको थियो । डिआइजी ढकाललाई सशस्त्र प्रहरीका एसपी रामहरी अधिकारीले मायाको चिनो प्रदान गर्दै सम्मान गरेका थिए ।

# शुल्क नलिन निर्देशन

**टुडे समाचारदाता**

जनकपुरधाम । संस्थागत विद्यालयहरूले मनपरी रूपमा विद्यार्थी भर्ना र शुल्क असुली गरिरहेको आरोप लाग्न थालेपछि जनकपुरधाम उपमहानगरपालिकाले कडा निर्देशन जारी गरेको छ ।



उपमहानगरपालिकाको शिक्षा, युवा तथा खेलकुद विकास शाखाले सोमबार एक सूचना जारी गर्दै नयाँ शैक्षिक सत्र सुरु हुनु अघि भर्ना नगर्न र तोकिएको भन्दा बढी शुल्क नलिन विद्यालयहरूलाई निर्देशन दिएको हो ।

नगर कार्यपालिकाको कार्यालयबाट जारी पत्रमा केही संस्थागत विद्यालयहरूले शिक्षा नियमावली २०५९ (संशोधन सहित) को व्यवस्था तथा सर्वोच्च अदालतको हालैको आदेशसमेत उल्लङ्घन गर्दै समयअघि नै भर्ना खोल्ने र अभिभावकबाट चर्को शुल्क असुल्ने गरेको तथ्य सार्वजनिक भएको उल्लेख गरिएको छ । उक्त सूचनामा अब नयाँ शैक्षिक सत्र २०८३ सुरु भएपछि मात्र विद्यार्थी भर्ना गर्नुपर्ने र उपमहानगरपालिकाले निर्धारण गरेको शुल्क बाहेक अन्य कुनै पनि शीर्षकमा रकम असुल गर्न नपाइने स्पष्ट पारिएको छ ।

त्यस्तै, यसअघि अवैध रूपमा असुल गरिएको भर्ना शुल्क सम्बन्धित अभिभावकलाई फिर्ता गर्न पनि पालिकाले निर्देशन दिएको छ । तोकिएको समयभित्र शुल्क फिर्ता नगर्ने विद्यालयलाई प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिइएको छ ।

उपमहानगरपालिकाले अभिभावकहरूलाई पनि यस्ता गैरकानुनी गतिविधि भएमा जानकारी गराउन आग्रह गर्दै शिक्षा क्षेत्रमा अनुशासन कायम गर्न सबै पक्षलाई सहयोग गर्न अपिल गरेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८